जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३४४ • २०८१ साल बैशाख ३० गते आइबार (12 May, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### महाधिवेशन निर्धारित समयमै

# पार्टी फुटाएर युद्ध जितेको सोच्नु दिवा स्वप्नः अध्यक्ष यादव

**टुडे समाचारदाता**

जनकपुरधाम। उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री समेत रहेका जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टी फुटाएर युद्ध जितेको सोच्नु दिवास्वप्न रहेको बताएका छन् ।

अध्यक्ष यादवले अतृप्त आत्मा र स्वार्थीहरुको झुण्डलाई प्रयोग गरेर पार्टी फुटाउँदैमा युद्ध जितेको सोच्नु दिवास्वप्न रहेको बताए । 'केही स्वार्थीहरुलाई प्रलोभनमा पारेर अलग गरिएको छ 'उनले भने, जसपा नेपालमा त्यसले कुनै असर पर्ने छैन् ।' मधेशी स्वास्थ्यकर्मी फोरमको चौँथो राष्ट्रिय महाधिवेशनको शनिवार उद्घाटन गर्दै उपप्रधानमन्त्री यादवले अतृप्त आत्माहरुको हतास मानसकिता भएकाहरुलाई प्रयोग गरेर पार्टी फुटाइएको बताए । तर पार्टी कसले फुटाए भने उनले प्रष्ट रुपमा भन्न चाहेनन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डतर्फ ईंगित गर्दै अध्यक्ष यादवले २/४ जना लोभी पापीलाई अलग्याउँदा पार्टी नै फुटाएको उनलाई भ्रम भएको बताए । निर्दलीय व्यवस्थाविरुद्ध लडेका कांग्रेस, कम्युनिष्टलाई कमजोर देखाउन पनि यस्तै षडयन्त्र हुन्थ्यो, अध्यक्ष यादवले भने 'षड् यन्त्र गर्नेहरु मात्र नभइ त्यो व्यवस्था नै सखाप भयो, अहिले आएर जसपा नेपाल विरुद्ध गरिएको षडयन्त्र स्वरुप २/४ जनालाई फुटाएर लग्दैमा रण जितेको सोच्नु भ्रम मात्रै हो ।'



अध्यक्ष यादवले पार्टीमा एकलौटी गरेको, अन्य पदाधिकारीहरुको भावनालाई उपेक्षा गरेकाले बाध्य भइ पार्टीबाट अलग भएको जसपाका पदाधिकारीहरुले आरोप लगाउने गरेका छन् । पञ्चातयकालमा निरंकुशताविरुद्ध लडिरहेका बेला तत्कालीन शासन सत्ताले केही लोभी पापीलाई काँग्रेस र कम्युनिस्टबाट ल्याइ पञ्चायतमा प्रवेश गराउँदै वक्तव्यबाजी गर्ने गरेको स्मरण गर्दै अध्यक्ष यादवले भने, 'त्यो व्यवस्था पनि पतन भयो। त्यो व्यवस्था टिकाउन खोज्नेको पनि पतन भयो ।' मधेशको मुद्दा, संघीयता संस्थागतलगायतका मुद्दालाई कमजोर पार्ने उद्देश्यले पहिले देखि नै षडयन्त्र हुँदै आइरहेको स्मरण गर्दै अध्यक्ष यादवले सोही षडयन्त्रस्वरुप अतृप्त आत्माहरुलाई प्रयोग गरेर जसपा नेपालमाथि प्रहार गरिएको बताए ।

जसपा नेपालमाथि गरिएको प्रहार मधेशमाथि प्रहार रहेको भन्दै अध्यक्ष यादवले पार्टीबाट केही लोभीहरु अलग्गिदैमा जसपा नेपाल कमजोर नभएको दाबी गरे । उनले पार्टीमा केही सांसदको संख्या केही दिनकालागि कम भएको बताए ।

अध्यक्ष यादवले भने 'यहाँबाट भागेकाहरु उतैबाट फुटेर आएका थिए, त्यही गएका छन् अब कहाँ जान्छन् ठेगान छैन, जता स्वार्थपूर्ति हुन्छ उतै लाग्छन् होला ?' अगाडि थप्दै भने 'जसरी शरीर स्वस्थ्य रहनका लागि बिकार निकाल्नु पर्छ राम्रै भयो, बिकार निक्लिएर गएको छ अब स्वच्छताका साथ पार्टी थप वेगले अगाडि बढ्ने छ ।' मधेशको मुद्दा र संघीयता संस्थागत गर्नका लागि पार्टी थप उर्जाका साथ सडक, संसद तथा सरकारमा संघर्ष जारी राख्ने उनले बताए । पार्टीको महाधिवेशन तोकिएकै समयमा हुने र सोको तयारीमा जुट्न नेता कार्यकर्ताहरुलाई उनले निर्देशनसमेत दिए । जेठ २८, २९ र ३० गते एकताको प्रथम राष्ट्रिय महाधिवेशन जनकपुरधाममा गर्ने जसपा नेपालले निर्णय गरिसकेको छ ।

त्यस अघि जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीहरुसंग कुराकानी गर्दै जसपा नेपालका अध्यक्ष यादवले भने, 'कुकुरले टोक्यो भने हामीले कुकुरलाई टोक्न जाने होइन ।' स्वास्थ्यकर्मी फोरमका कार्यवाहक अध्यक्ष सच्चिदानन्द जयसवालको अध्यक्षतामा भएको सो उद्घाटन कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, संघीय राज्यमन्त्री दीपककुमार कार्की , अर्थमन्त्री संजयकुमार यादव, जसपा नेपालका राजनीतिक समिति सदस्य हरिनारायण यादव, डा. सुरेन्द्र यादव, जसपा नेपालका प्रदेश अध्यक्ष बालकिशोर यादव लगायतकाले महाधिवेशनको शुभकामना दिएका थिए ।

यता मधेसी स्वास्थ्यकर्मी फोरमको चौँथो राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रपछि आइतबार बन्दसत्र चल्ने छ भने सो बन्दसत्रबाट नयाँ नेतृत्व चयन गरिने जनाइएको छ । सो बन्दसत्रमा प्रतिनिधि र पर्यवेक्षक गरी ४ सय ८० जना सहभागी रहेका छन् ।

# दलित महिलाको बलात्कार, मुद्दा दर्ता गर्न आलटाल

**अनिल तिवारी**

वीरगन्ज । पर्सा प्रहरीले नै दलित बालिका बलात्कार घटना दबाउने प्रयास गरेको आरोप लागेको छ । बिचौलियाको सक्रियतामा प्रहरी अधिकारीले बलात्कारको मुद्दा दर्ता गर्न अनाकानी गरेको पीडित पक्षको आरोप छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोद ढुगेल बिदा गएको वेला निमित प्रमुख रहेका प्रहरी नायबउपरिक्षक (डीएसपी) कुमार बिक्रम थापा बिचौलियाको प्रभावमा परेर घटना दबाउन चलखेल गरेको पीडितले आरोप लगाएका छन् ।

पर्साको कालिकामाई गाउँपालिकामा-३ हरिहपुर विर्ताकी १३ बर्षीया बालिकालाई उनकै छिमेकका ५० बर्षीय बनारसी महतो केवटले बैशाख २२ गते शनिबार राति बलात्कार गरेको आरोप छ ।

चापाकलमा पानी लिन घरबाट बाहिर निस्केको बेला छिमेकका केवटले मुख थुनेर बाँसघारीमा लगेर नशालु पदार्थ सुंघाएर बेहोश बनाइ बलात्कार गरेको पीडित बालिकाको भनाइ छ ।

पानी लिन गएकी बालिका घर नफर्के पछि घर परिवारले खोज तलास सुरु गरेका थिए । आइतबार बिहान बाँसघारीमा युवतीलाई टोलका महिलाहरु अचेत अवस्थामा देखेर परिवारलाई खबर गरेका थिए । बेहोस बालिकालाई घरमा ल्याएर घरेलु उपचार गरेको र होश खुलेपछि रुदैं छोरीले आफूसंग केवटले गरेको दुष्कर्मका बारेमा सविस्तार बताएको पीडिताका बुवाले बताए । घटनाबारे आरोपित केवटको घरमा बैशाख २३ गते बिहान आफूहरु पुगेर सोधीखोजी गर्दा केवटले आफूले बलात्कार गरेको स्वीकार गर्दै १ लाख रुपैयाँ लिएर चुपचाप बस्न धम्की समेत दिएको पीडित परिवारजनको आरोप छ। पीडित बालिकाका वुवाले भने,' केवटले तिमीहरु सानो जातका हौं केही गर्न सक्दैनौ मलाई । मेरो पहुँच ठूलाबडा नेताहरुसंग छ ।'

आरोपित केवट अपराधी चरित्रको व्यक्ति भएको पहिला पनि अपहरण तथा ज्यान मार्ने मुद्दामा १० बर्ष जेल सजाय काटेर छुटेका व्याक्ति छन् ।






# संसदीय छानबिन समिति नबन्दासम्म संसद् चल्न दिँदैनौँ : नेता निधि

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका केन्द्रीय सदस्य विमलेन्द्र निधिले सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति गठन नभएसम्म संसद् चल्न नदिने बताएका छन् ।

नेता निधिले जनकपुरधाममा सञ्चारकर्मीहरुसँग संक्षिप्त कुराकानी गर्दै सत्तापक्षले सहकारी ठगी प्रकरणका विषयमा छानबिन समिति बनाउन नदिएको आरोप लगाए । उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेमाथि लागेको सहकारी ठगी प्रकरणको आरोप सत्य हो वा होइन भन्ने विषयको संसदीय छानबिनमार्फत छिनोफानो हुनुपर्ने उनको भनाइ थियो ।



"गृहमन्त्री लामिछानेले संसद्मा स्पष्टीकरण दिएर मात्र हुँदैन, त्यसका लागि संसदीय छानबिन समिति गठन नै एक मात्र निकास हो", नेता निधिले भने । छानबिन समिति गठन गर्न सरकार तयार नभएसम्म सदन चल्न नदिने अडान दोहोऱ्याउँदै उनले सांसदहरुले जनसरोकारका विषय सदनमा उठाउन नपाएपछि सदनको बैठक बस्नुको कुनै अर्थ नरहेको स्पष्ट पारे ।

चितवन, भैरहवा तथा पोखरामा सहकारीमा भएका अनियमितताबारे प्रहरीले छानबिन समेत गरेको नेता निधिले उल्लेख गरे । फरक प्रसङ्गमा उनले मुलुकभरिका आगलागी पीडितलाई सरकारी पक्षबाट आवश्यक सहयोगका लागि उनले आग्रह गरे ।

# राजदेवी नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा

**दिलीप पाण्डेय**

गौर । रौतहटको राजदेवी नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका एक विशेष समारोह वीच घोषणा गरिएको छ ।

जिल्ला समन्वय समिति रौतहटका सभापति रामअयोध्या यादव ,प्रमुख आतिथ्य तथा राजदेवी नगरपालिकाका नगरप्रमुख भिखारी प्रसाद यादवको सभापतित्वमा आयोजित कार्यक्रममा १६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई पाउनुपर्ने खोप सुनिश्चितता भएपछि नगरपालिकालाई पूर्ण खोप सुनिश्चिता नगरपालिका घोषणा गरिएको छ ।

तेस्रो चरणमा पालिकाका सबै वडालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको र हाल सोही तथ्याङ्क र सूचकका आधारमा पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रतिनिधि अनिल कर्णले पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरेको बताए । उनले भने १८ स्थानीय तहमध्ये १६ पालिका पूर्ण खोप पालिकाको रुपमा घोषणा भइसकेकाले अब जिल्ला नै छिटै पूर्ण खोप घोषणा हुने बताए ।




त्यस्तै स्वास्थ्य शाखाका संयोजक रामाकान्त यादबले भने दिगोपना र पूर्ण खोप सुनिश्चितताका लागि हरेक वर्ष चैतमा नियमित खोपको घरभेट सर्वेक्षण गरी उमेर अनुसार खोप पाए/नपाएको यकिन गरेर खोप लगाउन छुटेको पाइएमा वैशाख महिनामा खोप दिने प्रक्रिया अनुरुप खोप दिने व्यवस्था गरेको छ ।

नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत प्रलव कायस्थले नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गर्ने अभियानमा दिनरात खटिने स्वास्थ्यकर्मी, महिला स्वयंसेविकालाई धन्यबाद ज्ञापन गर्दै आफ्नो जिम्मेवारीलाई निरन्तरता दिँदै अघि बढ्न आग्रह गरे ।

नगरप्रमुख भिखारी यादवले पूर्ण खोप अभियानमा सक्रिय भूमिका निर्वाह गरेका स्वास्थ्यकर्मी तथा महिला स्वयंसेविकालाई हात्तीपाइले रोग विरुद्धको औषधि सेवन अभियानलाई सफल बनाउन आग्रह गरे । कार्यक्रममा वडाध्यक्ष विजय शंकर यादव, महेन्द्र दास, विश्वनाथ साह, सुरेश पण्डित, सशस्त्र प्रहरी निरिक्षक सुभाष खत्रीललगायतले आ-आफ्ना भनाई राखेका थिए ।


# खैरो हिरोइनसहित दुई पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा लागूऔषध खैरो हिरोइनसहित दुई जना पक्राउ परेका छन् ।

जिल्लाको मिथिला नगरपालिका- ९ बडहरी स्थित पुर्व पश्चिम लोक मार्गबाट पक्राउ पर्नेमा महोतरीको बर्दिबास नगरपालिका- २ का २३ वर्षीय दिपक महतो र सोही ठाउँका २८ वर्षीय सुभाष परियार रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय जनकपुरधामले इलाका प्रहरी कार्यालय ढल्केवर अस्थायी प्रहरी पोष्ट बडहरी धनुषाबाट खटिएको संयुक्त प्रहरी टोलीले ढल्केबरबाट बर्दिबास तर्फ जाँदै गरेको सवारी साधनहरुलाई चेकजाँच गर्ने क्रममा महतो र परियारको साथबाट ४.२ ग्राम खैरो हिरोइन लागु पदार्थ बरामद भएको धनुषा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए ।



पक्राउ परेका आरोपितहरुलाई नियन्त्रणमा लिइ इलाका प्रहरी कार्यालय ढल्केवरमा राखेर थप अनुसन्धान भइरहेको उनले बताए ।

# अनधिकृत सटर भत्काइयो

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले वडा नं ९ स्थित गीता मन्दिर परिसरका अनधिकृतरुपमा निर्माण गरिएका सटर भत्काएको छ । अनधिकृत रूपमा कब्जा गरेर मन्दिर परिसरमा निर्माण गरिएका आधा दर्जनभन्दा धेरै सटरलाई महानगरले शनिवार तीनवटा एक्जाभेटर लगाएर भत्काइएको छ ।

वीरगञ्ज महानगरपालिका प्रमुख राजेशमान सिंहले वीरगञ्जका मठमन्दिर केही व्यक्ति र संस्थाले गरेको अतिक्रमणलाई हटाउने अभियान नै सुरुआत गरेको बताए । "भगवान्लाई बन्धक बनाएर राख्न पाइँदैन, श्रद्धालु भक्तजनले जुनसुकै ठाउँबाट पनि मन्दिरको दर्शन गर्न पाउनुपर्छ भन्ने मान्यतासहित अनधिकृत रूपमा निर्माण गरिएका संरचना भत्काएका हौँ", नगरप्रमुख सिंहले भने, "वीरगञ्जका केही त्यस्ता व्यक्ति तथा संस्थाले मठमन्दिरमा भगवान्लाई बन्धक बनाएर राख्ने चलन छ । त्यसको विरुद्धमा हामीले अभियान नै छेडेका छौँ ।" महानगरले मन्दिरको मुलप्रवेशद्वारको दायाँ-बायाँ र पश्चिमतर्फका आधा दर्जनभन्दा धेरै सटरहरू एक्जाभेटर लगाएर भत्काएको छ ।




नगरप्रमुख सिंहले केही व्यक्तिले अनधिकृत रूपमा सार्वजनिक मठमन्दिर वरपर संरचना निर्माण गराएर कमाइखाने भाँडो बनाइरहेकाले सोलाइ हटाउने अभियान थालेको बताए ।

"केही व्यक्तिले बिनाअनुमति मन्दिरको सौन्दर्यकरणलाई प्रत्यक्ष प्रभावित पार्नेगरी विभिन्न सटर थापेको पनि पाइयो", उनले भने, "गीता मन्दिर परिसरमा अनुमतिबेगर नै व्यापारिक सटर निर्माण गरेर सञ्चालन गरेको पाइएपछि भत्काएका हौँ ।"

नगरप्रमुख सिंहले गीतामन्दिर परिसरमा रहेका सटरहरूको आम्दानीको लेखापरीक्षण तथा अन्य कुनै पनि कारोबारको स्पष्ट नभएको पनि दाबी गरे । "हामीले १२ दिन अगाडि गीता मन्दिर परिसरमा भएका सटरको सम्बन्धमा सर्वपक्षीय छलफल गरेका थियौँ । सो छलफलपछि आवश्यक कागजात पनि बुझाउन भनेका थियौँ । तर, सटर सञ्चालनकर्ताले कुनै पनि कागजात पेस नगरेपछि भत्काएका हौँ ।" सो परिसरमा आधा दर्जनभन्दा धेरै सटर रहेका थिए ।

नगरप्रमुख सिंहले अनधिकृत संरचना भत्काएसँगै अब मन्दिर परिसरलाई व्यवस्थित गराउने बताए । "गीता मन्दिर परिसरमा अनधिकृत संरचनालाई पूर्ण रूपमा हटाएर तुरुन्तै व्यवस्थित रूपमा नयाँ खालको आवश्यक संरचना बनाएर अघि बढाउनेछौँ ।" वीरगञ्ज महानगरले पछिल्लो समय अतिक्रमणमा परेको सार्वजनिक जग्गालाई फिर्ता गर्ने काम गर्दै आइरहेको छ ।

# 'छानबिन समिति बनाए हुन्छ तर संसद्मा बोल्न पाउनुपर्छ'

**चितवन** । उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले संसद्मा बोल्न पाउने आफ्नो अधिकार हनन भएको बताउनुभएको छ । साथै उहाँले सहकारी प्रकरणमा 'छानबिन समिति बनाए हुन्छ तर संसद्मा बोल्न पाउनुपर्छ' भन्नुभयो ।

शनिबार पत्रकारहरुसँग कुरा गर्दै उहाँले सार्वभौम संसद्मा सबैले बोल्न पाउनुपर्ने बताउँदै आफूमाथि लागेको आरोप प्रमाणित गर्न चुनौती दिनुभयो । "छानबिन समिति बनाए पनि हुन्छ ।

तर संसद्मा बोल्न पाउनुपर्छ ।" उहाँले भन्नुभयो," नेपाली कांग्रेसले संसद् र आफ्नो दल राष्ट्रिय स्वतन्त्र पार्टीलाई 'यसो गर, त्यसो नगर' भनेर आदेश दिने होइन । "

सहकारी ठगीका मुख्य आरोपी जिबी राईलाई नियन्त्रमा लिने प्रयास भइरहेको उहाँले बताउनुभयो । निजलाई पक्राउ गर्न प्रक्रियागत काम भइरहेका उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, " राईलाई पक्राउ गर्न मलेसियाका गृहमन्त्रीसँग कुराकानी भइरहेको छ ।" उक्त देशसँग प्रत्यर्पण सन्धि नभएकाले केही समस्या भएको बताउँदै उहाँले त्यसलाई समाधान गरेर निजलाई चाँडै पक्राउ गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रहरीले सवारीचालक अनुमतिपत्र घोटलादेखि ठूला अनियमिततासम्मका फाइल अनुसन्धान गरिरहेको उहाँले बताउनुभयो ।

उहाँले प्रश्न गर्नुभयो, "बालमन्दिरको जग्गाको विषय कहिलेदेखि अड्किएको थियो । अहिले २० जनालाई पक्राउ पुर्जी जारी गरिएको छ । "गृहमन्त्री लामिछानेले शनिबारै कारागार व्यवस्था कार्यालयको अनुगमन पनि गर्नुभयो । त्यस क्रममा उहाँले कैदीबन्दीको समस्या समाधान गर्न सरकारले नीति तथा कार्यक्रमबाट सम्बोधन गर्ने बताउनुभयो ।रासस

# 'योग अमूर्त सम्पदा हो, यसलाई परिष्कृत गर्दै लैजानुपर्छ

'**काठमाण्डु** । योग अमूर्त सम्पदा भएको भन्दै यसलाई अझ परिस्कृत गर्दै लैजानुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय संस्कृत विभाग योगविज्ञान अधिस्नातक २०७९ विद्यार्थीद्वारा शनिबार आयोजित गुरुवर्ग, संस्कृत केन्द्रीय विभाग तथा ललितपुर महानगरपालिकालाई धन्यवाद ज्ञापन कार्यक्रममा धारणा राख्दै वक्ताहरुले योगको आशय आफूसहित अरूलाई सुखी राख्ने भएको बताएका छन् । मानव जातिलाई मानसिक, आत्मिक स्वास्थ्य राख्न सक्ने शक्ति योगमा भएकाले यो महत्वपूर्ण रहेको सहभागीको भनाइ छ ।

कार्यक्रममा ललितपुर महानगर प्रमुख चिरीबाबु महर्जनले पछिल्लो समय योगले अन्तर्राष्ट्रिय बजार पाउन थालेको उल्लेख गर्दै यसलाई अझै परिष्कृत गरेर व्यापकता दिँदै प्रभाकारी बनाउन लाग्नुपर्ने बताउनुभयो । "योग अमूर्त सम्पदा हो, यसलाई अझ परिष्कृत गरेर अगाडि लैजानुपर्छ । हामी सानोमा पिटी भनेर सूर्यप्रणाम गर्थ्यौं, त्यतिबेला योग भन्ने चलन थिएन । मलाई संस्कृतमा पनि चासो छ । योग र संस्कृतको अन्तरसम्बन्धले मानिसलाई आध्यात्मिकतातिर आकर्षित गर्छ, जसबाट हामीलाई राम्रो ऊर्जा प्राप्त हुन्छ", उहाँले भन्नुभयो ।

महानगर प्रमुख महर्जनले त्रिभुवन विश्वविद्यालयसँगको सहकार्यमा भएको योगाभ्यासको अध्ययनअध्यापनबाट शत्प्रतिशत लक्ष्य प्राप्त हुनेमा आफू विश्वस्त रहेको उहाँले बताउनुभयो । उहाँले आगामि दिनमा पनि यो कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

महानगर प्रमुख महर्जनले प्रत्येक वडामा योगाभ्यास गर्ने कार्यविधिका लागि सामाजिक विकास समितिसँग समन्वय गर्न आग्रह गर्नुभयो । उहाँले आगामी वर्ष योग क्षेत्रका लागि बजेट व्यवस्थापन गर्नुपर्ने भन्दै सोका लागि कार्ययोजना प्रस्तुत गर्न प्रत्येक वडाध्यक्षलाई आग्रह गर्नुभयो । उहाँले वडाबाट आएका कार्ययोजनालाई मार्गनिर्देश गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्रिभुवन विश्वविद्यालय केन्द्रीय संस्कृत विभाग प्रमुख डा माधवप्रसाद उपाध्यायले आफूसहित सारा संसारको सुखको कामना गर्ने भाव योगमा मात्रै व्यक्त हुने बताउनुभयो । उहाँले नेपालमा पहिलो पटक योग शिक्षाको औपचारिक अध्ययनका लागि ललितपुर महानगरपालिकाले सुरु गरेकामा धन्यवाद व्यक्त गर्नुभयो ।

"योग शिक्षाका लागि ललितपुर महानगरको प्रयास र योगदान सराहनीय छ । यसै पनि ललितपुर रमणीय लाग्छ, ऊर्जा र चेतना भएको व्यक्ति महानगर प्रमुख हुनुहुन्छ । योग शिक्षाका लागि महानगरसँग निरन्तर साथ र सहयोग रहने विश्वास छ", विभाग प्रमुख डा उपाध्यायले भन्नुभयो ।

योग प्रशिक्षक डा आकाश निलमले मानवीय आत्मीयता विना भौतिक संरचनाले मात्रै महानगर बन्न सक्दैन भन्नुहुँदै ललितपुर महानगरले लोकप्रियतावादभन्दा माथि उठेर काम गरेको भन्दै प्रशंसा गर्नुभयो । उहाँले अधिस्नातक तहको अध्यापनमा सहयोग गरेर औपचारिक योग शिक्षामा सफलता हासिल गरेको महानगरले स्नातकोत्तर तहको अध्यापन गराउन सहयोग गरोस् भन्ने कामना व्यक्त गर्नुभयो ।

योग प्रशिक्षक डा निलमले संस्कृति भाषा, अध्यात्ममा नेपाल विश्वको गुरु भएको बताउँदै प्राचीनताको इतिहास कायम राख्न प्रयत्नशील रहनुपर्ने बताउनुभयो ।वडा नं २४ का अध्यक्ष दिनेशजङ्ग पाण्डेले वडा तहमा निरन्तर योग शिविर गरिरहेको बताउनुहुँदै खेलकुद र योग शिविरका लागि वडा तहमा निर्माण भएका कबर्ड हलहरु प्रभावकारी भएको बताउनुभयो ।

कार्यक्रम स्वागत गर्नुहुँदै अधिस्नातक २०७९ समूहकी योग प्रशिक्षार्थी महेश्वरी विष्ट रावलले सबै वडामा योग शिविरहरु सञ्चालनका लागि एक वर्षसम्म अध्ययन गर्न ललितपुर महानगरपालिकाले सहयोग गरेकामा आभार व्यक्त गर्नुभयो ।

उहाँले नगरवासीलाई स्वस्थ्य बनाउने महानगरको लक्ष्यअनुरुप आफूहरुले एक वर्ष अध्ययन गर्न सफल भएको बताउँदै अब वडावडामा योग शिविर सञ्चालन गर्न सफल हुने बताउनुभयो ।रासस


## सूचना ! सूचना !! सूचना !!!

मधेश प्रदेश सरकार, खेलकुद तथा समाज कल्याण मन्त्रालय, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, जनकपुरधाम धनुषाको बित्तीय सहयोगमा पिरामिड टेक्निकल ईन्स्टिच्युट प्रा.लि.द्धारा आ.व.०८०/०८१ को मिति २०८१/०२/०७ देखि सञ्चालन हुन लागेको निःशुल्क निम्न विषयहरुको तालिम सिक्न चाहने ईच्छुक नेपाली नागरिकहरुले तपसिल बमोजिमका कागजातहरुका साथ आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | तालिमको विषय | अवधी | योग्यता | तालिम संचालन हुने केन्द्र | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|
| १ | सुरक्षा गार्ड | १६० घण्टा | साधरण लेखपढ | गौशाला,महोत्तरी २० जना | टेक बहादुर लामा ९८४४०२६५२९ |
| २ | बारिष्टा | १६० घण्टा | साधरण लेखपढ | जनकपुरधाम, धनुषा ४० जना | समिर कुमार खड्का ९८०२७८२४४४ |
| ३ | केयर गिभर | १६० घण्टा | एस एल.सि /एस .ई .ई | जनकपुरधाम, धनुषा २० जना | समिर कुमार खड्का ९८०२७८२४४४ |

**आवश्यककागजातहरु**:- नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,३ प्रतिपासपोर्ट साईजको फोटो
**उमेर**:- १८वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**फाराम भर्ने अन्तिम मिति**:- २०८१/०२/०५
**अर्न्तबार्ता मिति** :- २०८१/०२/०६
**सम्पर्क व्यक्ति र फोन नं**:- समिर कुमार खडका ९८०२७८२४४४
**तालिम शुरू मिति**:-२०८१/०२/०७
**नोट** :- आवश्यक कागजात सहित निबेदन लेखि निम्न ठेगानामा ईमेल मार्फत पनि आबेदन दिन सकिनेछ ।
Email :pyramidtech2069@gmail.com


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




सर्लाहीका हरिपुर्वा-६, बसबरिया-३ र बागमती-४ का समेत २१ अग्निपीडित परिवारलाई महोत्तरीको रोटरी क्लब अफ बर्दिबासले शनिबार राहत वितरण गर्दै । जम्मा २७ प्रकारका अत्यावश्यक सामग्री राखिएको 'नीलो बाकस' मधेश प्रदेश सरकारमा गृह, कानुन तथा सञ्चार राज्यमन्त्री शारदादेवी थापा र रोटरी क्लब अफ बर्दिबासका अध्यक्ष कृष्णप्रसाद गौतमसहितको टोलीले राहत वितरण गरेको हो । राहत सामग्रीको 'निलो बाकस'मा भाँडाकुडा, फेरफार लुगा, ससाना नानीहरका लागि शैक्षिक सामग्री र उद्धार कार्यमा कामलाग्ने सानाऔजार (बेल्चा, काँटी, पिलास, हथौडासहितका सामग्री) छन् । तस्बिर : रासस

# मैथिली भाषाका चलचित्र न्यून

काठमाण्डु । नेपालमा नेपालीबाहेक अन्य भाषामा निकै कम संख्यामा चलचित्र निर्माण हुने गरेका छन् । तराई क्षेत्रमा चलचित्र भवनको संख्या राम्रो भए पनि त्यहाँ हिन्दी र भोजपुरी भाषामा तयार भएका चलचित्रको दबदबा देखिन्छ । स्थानीयरुपमा बोलिने मैथिली भाषामा भने निकै कम चलचित्र निर्माण भएका छन् ।

नेपाली र भोजपुरी जस्तो पूर्ण तयारी भएर चलचित्र नबनेको विश्लेषण साहित्यकार तथा गीतकार धीरेन्द्र प्रेमर्षिको साहित्यिक नामले परिचित धीरेन्द्र झाले गर्नुभयो । उहाँले ससाना भिडिओ चलचित्र बनेको पाइए पनि अन्य भाषाको जस्तो ठूला चलचित्र नबनेको बताउनुभयो ।"यहाँ आट गरेर चलचित्र बनाउने लगानीकर्ताको अभाव देखिएको छ । भाषा र साहित्यसँगै समुदायप्रति दायित्व बोध गर्नेको अभाव हुँदा पछिल्लो समय आफ्नै चलचित्र छैनन् । यहाँ तयार भएका प्राविधिक वा चलचित्रमा काम गर्नसक्ने योग्य व्यक्ति पनि काठमाडौँ र मुम्बईमा व्यक्त छन्", साहित्यकार झाले भन्नुभयो ।

उहाँले बजार ठूलो भए पनि मैथिली भाषामा चलचित्र नबन्नु दुःखद् रहेको बताउनुभयो । उहाँलाई 'सस्ता जिन्दगी महङ्ग सिन्दुर' नामक मैथिली भाषामा बनेको चलचित्र स्मरण छ । जसले बलिउडका ठूला चलचित्रको शो हटाउनसमेत सफल भएको थियो। उक्त चलचित्र महिनौँ प्रदर्शन गरिएको थियो भने चलचित्र भवनसम्म ट्र्याक्टर, टायर गाढामा चढेर दर्शक पुगेका थिएँ । उक्त चलचित्रलाई मुरलीधरले निर्देशन गर्नुभएको थियो। भारतीय कम्पनीले निर्माण गरेको थियो भने नेपालमा प्रदर्शन अधिकार निर्देशक मुरलीधरले लिनुभएको थियो ।

"त्यो चलचित्रपछि केही प्रयास भए तर कलाकारले सफलता पाएनन् । हामी जस्ता साहित्यप्रेमी वा कलाकारले गर्ने प्रयास रहर मात्र हो । व्यावसायिकरुपमा अगाडि नबढेसम्म मैथिली चलचित्रले दर्शकलाई तान्न सक्दैन", साहित्यकार झाले भन्नुभयो । उहाँले पछिल्लो समय डिजिटल प्लेटफर्ममा उपलब्ध 'ज्याक्सन हल्ट','गामक घर', 'ललका पाग' जस्ता चलचित्र हेर्नुभएको छ । उल्लेखित चलचित्रबाट नाट्यकर्मी रमेश रञ्जन झा पनि आशावादी हुनुहुन्छ ।

नेपालमात्र नभई भारतमा पनि उल्लेख्यरुपमा मैथिली चलचित्र निर्माण हुन् नसकेको उहाँको बुझाइ छ ।

"छोटा चलचित्र बनेका छन्, तर ठूला चलचित्र नबन्दा यहाँका जनशक्ति बाहिरका उद्योगमा गएर काम गरिरहेका छन् । तर हामी आशावादी छौँ । किनकी अब नयाँपुस्ताले नवीतम सोच र कथा ल्याउने छन् । किनकी यो वीरगञ्जदेखि जनकपुर हुँदै तयारको बजारलाई लक्षित गर्दै कसैले त अवश्य प्रयास गर्नेछन्", झाले भन्नुभयो ।

उहाँले यसका लागि राज्यसहित सम्बन्धित निकायले प्रोत्साहन गर्न जरुरी रहेकामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "विभिन्न भाषाभाषीको चलचित्रमार्फत नेपालभर छरिएको बजारलाई एकत्रित गर्न सकिन्छ। किनकी तराईमा नेपाली चलचित्रको बजार पनि राम्रो छैन।"केही समय अगाडि मैथिली भाषामा निर्माण गरेर नेपाली र भोजपुरीमा स्वराङ्कन गरेर प्रदर्शन गर्ने घोषणा गरिएको चलचित्र 'लेबर' ले नयाँ अध्यायको सुरुआत गर्नसक्ने विश्वास मैथिली चलचित्रकर्मीको छ । यसका निर्देशक पुर्णेन्दु के झाले बजार खोज्ने प्रयासमा सुरुआत गर्न लागिएको बताउनुभयो ।

"मैले चलचित्रसम्बन्धी अध्ययन गरेर नेपाली भाषाको चलचित्र बनाएँ । तर, यतिबेला हामी तराईबाट प्रतिनिधित्व गर्नेले मैथिली भाषाका लागि चलचित्र बनाउनु आवश्यक देखेर तयारी गरिरहेको छु । अघिल्ला दुई चलचित्रको अनुभवले यसलाई भव्य बनाउने कोसिस गर्ने छु", निर्देशक झाले भन्नुभयो ।

उहाँले मैथिली भाषासँगै तराईमा देखिएको श्रमिक र वैदेशिक रोजगारीको समस्यालाई चलचित्रको कथा बनाउनुभएको छ । यसमा मिथिलामा नाटक गरेका अभिनेता उत्पल झा, रवीन्द्र झालगायतका कलाकार तय भएका छन् । नेपाली चलचित्र, भोजपुरी चलचित्रमा देखिएका कलाकारसँगै मैथिली भाषामा दख्खल राख्ने कलाकार चलचित्रमा देखिने निर्देशक झाले जानकारी दिनुभयो।

"म चलचित्रलाई व्यावसायिकरुपमा तयार गरेर प्रदर्शन गर्ने तयारीमा छु । यसले लगानीकर्तालाई आकर्षित गर्नेछ। लेबर मैथिली चलचित्रका लागि आउँदो दिनमा कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वास छ", उहाँले भन्नुभयो ।रासस

# कसरी बनाउन सकिन्छ जिम्मेवार पर्यापर्यटन ?

काठमाण्डु । नेपालको पर्यटन क्षेत्र तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टिले आर्थिक विकासको प्रमुख आधार हो । नेपालका पर्यटकीय क्षेत्रमध्ये अधिकांश पर्यटकको रोजाइमा पर्नुको मुख्य कारण पर्यापर्यटन नै हो ।

यहाँ आउने विदेशी पर्यटकमध्ये ६० प्रतिशतले संरक्षित क्षेत्रको भ्रमण गर्ने गरेका छन् । नेपालको पर्यटन नीतिले पर्यावरणीय, पर्वतारोहण, पदयात्रा, जलयात्रा, व्यावसायिक, साहसिक, सांस्कृतिक, धार्मिक, खेलकुद, क्यासिनो, चलचित्र, शैक्षिक, स्वास्थ्य, कृषिलगायत विविध पर्यटन क्षेत्र निर्धारण गरेको छ ।

नेपालमा संरक्षित क्षेत्रहरु आन्तरिक तथा बाह्य पर्यटकका लागि प्रमुख गन्तव्य स्थानका रुपमा रहेका छन् । अधिकांश पर्यटकको रोजाइमा पर्ने पर्यापर्यटन संरक्षण र व्यवस्थापनका दृष्टिले संवेदनशील छन् । यसको दिगो व्यवस्थापनका लागि सम्बद्ध पक्ष सबैले आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्नु आवश्यक छ ।

राष्ट्रिय निकुञ्ज तथा संरक्षण विभागका उपमहानिर्देशक एवं प्रवक्ता वेदकुमार ढकालले वातावरणीय र स्थानीय सामाजिक जीवनसँग रमाउने पर्यटकले पर्यापर्यटकीय क्षेत्रको भ्रमण गर्ने गरेको बताउनुभयो । उहाँका अनुसार हाल भइरहेको वातावरण तथा समाजिक अवस्थामा पनि केही नबिगारी त्यसैमा रमाउने गरी पर्यापर्यटनको परिकल्पना गरिएको हो । यसमा घरबास ' होमस्टे' र साना लजलाई पनि लिन सकिन्छ । "पर्यापर्यटनलाई दिगो बनाउन सबैको जिम्मेवारी उत्तिकै महत्वपूर्ण हुन्छ। आवश्यक पर्ने ट्रेकिङ रुटलगायत न्यूनतम् सुविधा तथा पूर्वाधार सरकारले बनाई दिनुपर्छ, पर्यापर्यटनमा स्थानीय संस्कृति, जैविक विविधता, वन्यजन्तु, भौगोलिक बनावट, साहसिक यात्राका विषय जोड्नुपर्छ", प्रवक्ता ढकालले भन्नुभयो, "सम्बद्ध व्यावसायीले उचित सत्कार, व्यवहार तथा नियमकानुन र आचारसंहिताको पालना गर्नुपर्छ, पर्यटकले पनि आफूसँगको फोहर जथाभावी फाल्ने, जाँ पायो त्यहीँ गाडी रोक्ने, झर्ने गर्नुहुँदैन, तोकेकोभन्दा छुट्टै बाटो हिँड्नु हुँदैन ।"

पर्यापर्यटनलाई दिगो संरक्षण गर्न गुणस्तरीय पर्यटनलाई जोड दिनुपर्ने आचारसंहिता बनाएर लागू गर्नुपर्ने प्रवक्ता ढकालको भनाइ छ । पर्यटनलाई मुलुकको आर्थिक आधारका रुपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन पर्यटन क्षेत्रको विविधीकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक रहेको उहाँले बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका निर्देशक एवं प्रवक्ता मणि लामिछानेका अनुसार सन् २०२३ मा नेपालमा विभिन्न देशबाट कूल १० लाख १४ हजार आठ सय ८२ पर्यटक आएका थिए । त्यसमध्ये सबैभन्दा धैरै क्रमशः भारत, संयुक्त राज्य अमेरिका, चीन, संयुक्त अधिराज्य र अष्ट्रेलियाबाट आएका हुन् । विदेशी पर्यटकमध्ये तीन लाख आठ सय ७५ जनाले निकुञ्ज तथा संरक्षित क्षेत्रको भ्रमण गरेका उहाँले जानकारी दिनुभयो । सोबाहेक एक लाख १८ हजार पाँच सय ३१ जनाले पशुपतिनाथको दर्शन गरेका थिए भने ८५ हजार दुई सय ३२ जनाले लुम्बिनीको भ्रमण गरेका बोर्डका निर्देशक लामिछानेले बताउनुभयो । तीन हजार ९४ ले मनास्लु, एक हजार एक सय ९८ ले मुस्ताङ, एक सय ७८ ले हुम्ला, तीन सय ६५ ले तल्लो डोल्पा, चार सय पाँचले कञ्चनजङ्घा र एक सय ४५ जनाले माथिल्लो डोल्पाको पैदल यात्रा गरेका उहाँले



जानकारी दिनुभयो । त्यसबाट सरकारलाई ५४ करोड ८२ लाख अमेरिकी डलर राजस्व आम्दानी भएको पर्यटन बोर्डले जनाएको छ ।

आर्थिक वर्ष २०७९/८० मा संरक्षित क्षेत्रमा भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको संख्या नौ लाख ३२ हजार पाँच सय ३२ रहेको थियो । त्यसमध्ये विश्व सम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जमा मात्र दुई लाख ९२ हजार तीन सय ९२ पर्यटकले भ्रमण गरेका थिए । चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख डिलबहादुर पुर्जा पुनले जिम्मेवार र दिगो पर्यापर्यटनका लागि स्थानीय र सम्बन्धित व्यवसायी पनि उत्तिकै उत्तरदायी हुनुपर्ने बताउनुभयो । पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकासमा टेवा पुऱ्याउँदै आएको उहाँको भनाइ छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विदेशी पर्यटकको सङ्ख्यामा वृद्धि, पर्यटकको नेपाल बसाइ लम्ब्याउने, प्रतिपर्यटक प्रतिदिनको खर्चमा बढोत्तरी गर्ने तथा आन्तरिक पर्यटनको विकास गर्ने उद्देश्यका साथ काम गरिहेको जनाएको छ । मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी रामकृष्ण श्रेष्ठले भन्नुभयो, "मन्त्रालयको क्षेत्राधिकारमा रहेको जिम्मेवारीकुशलतापूर्वक एवं उत्तरदायी ढङ्गले सम्पादन हुँदै आएका छन् । पर्यटन नीतिले नै वातावरणमैत्रीपर्यटनव्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई प्रोत्साहित/पुरस्कृत गर्ने उल्लेख गरेको छ ।"

विद्यमान जैविक विविधता एवं वन्यजन्तु अवलोकनलाई पर्यटकीय उपजका रूपमा विकास, विस्तार र प्रवर्द्धन गरिने, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुतर्फ आकर्षित उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटनतर्फ आकर्षित गरिने उपायको अवलम्बन गरिने सरकारको नीति छ।

पदयात्रा मार्ग, आधार शिविर तथा हिमाललाई सफा र प्रदूषणमुक्त बनाउन सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट भएका प्रयासलाई प्रभावकारी र नियमित बनाइने नीतिगत व्यवस्था रहेको मन्त्रालयका सूचना अधिकारी श्रेष्ठले उल्लेख गर्नुभयो।


चितवनको सौराहास्थित रोयल लक्जरी रिसोर्टका प्रबन्ध निर्देशक राजकुमार अधिकारीले काम गर्ने अवसर खोजिरहेका व्यवसायीलाई सरकारी तहबाट वातावरण बनाइदिनुपर्ने बताउनुभयो। "सरकारले नयाँ नयाँ गन्तव्य पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गरिदिनुपर्ने, बिजुली, खानेपानी, सुरक्षा तथा कानुनी जस्ता अतिआवश्यक व्यवस्था गरिदिनुपर्छ । अनि सरकारले नियमन गर्ने हो, हामीजस्ता निजी क्षेत्रले लगानी गर्नुपर्छ", उहाँले भन्नुभयो ।

पर्यटनसँग सम्बन्धित सरोकारवाला तीनै तहका सरकार, व्यवसायी, स्थानीय जनता र पर्यटक सबै यसमा जिम्मेवार हुनु पनि त्यतिकै आवश्यक रहेको प्रबन्ध निर्देशक अधिकारीको भनाइ छ। पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन तथा दिगो बनाउन पनि जिम्मेवारी निर्वाह आवश्यक छ। ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का महासचिव विनोद सापकोटाले पर्यापर्यटनलाई थप दिगो र जिम्मेवार बनाउन दीर्घकालीन योजनाका साथ यस बारेमा तथ्याङ्क र सूचनाका लागि सहज र प्रभावकारी संयत्र बनाउनुपर्नेमा जोड दिनुभयो ।

"स्थानीय पैदल यात्राका रुट मासिने क्रमलाई रोक्नुपर्छ, पर्यटन सन्तुष्ट हुने गरी आवश्यक तयारी गरेर नयाँ नयाँ गन्तव्य पहिचान गरी सार्वजनिक गर्नुपर्छ", उहाँले भन्नुभयो, "व्यवसायीका तर्फबाट नयाँ गन्तव्यमा लगानी तथा प्रचार गर्न काम गर्नुपर्छ ।

साथै स्थानीय जनताको अपनत्व हुने गरी सरकारले नयाँ गन्तव्य निर्धारण गर्नुपर्छ ।" ट्रेकिङ रुटमा सडक पुग्दा र अगाडिको अवस्थाका बारेमा अध्ययन गर्नुपर्ने साथै वातावरणमैत्री सवारी साधन, चुलोलगायत सामग्री प्रयोगमा बढाउनुपर्ने महासचिव सापकोटाको सुझाव छ ।रासस

# राजनीतिक अस्थिरताले विकास निर्माणको काम हुन सकेन : अध्यक्ष ओली



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक अस्थिरताका कारण विकास निर्माण हुन नसकेको बताउनु भएको छ ।

एमालेको भौतिक पूर्वाधार तथा यातायात केन्द्रिय विभागले शनिबार आयोजना गरेको भौतिक पूर्वाधार तथा यातायात व्यवस्थासम्बन्धी राष्ट्रिय गोष्ठीमा उहाँले राजनीतिक अस्थिरताले विकासका काम अगाडि बढ्न नसकेको बताउनुभएको हो ।

"विकासका कुरा कतिले बुझ्दैनन् । कतिले रोकिदिन्छन् त कतिले भत्काइदिन्छन् । यो जरुरी छैन भन्ठान्छन् । यस्ता कुराले विकास निर्माणमा व्यवधान खडा गरेको छ," उहाँले भन्नुभयो, "तर पनि हामीले काम गरिरहेका छौँ । अहिले नयाँ नयाँ खालका अभ्यास भइरहेको छ ।" उहाँले पूर्वाधार प्रयोग गरेर उद्यमशीलताको विकास गरी त्यसबाट रोगजारीका अवसर सिर्जना गर्नुपर्ने धारणा राख्नुभयो। अध्यक्ष ओलीले कृषिमा आधारित साना मझौला उद्योग स्थापना गर्नुपर्ने बताउनुभयो । उहाँले आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधारका लागि आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा गरिने जानकारी पनि दिनुभयो। "पूर्वाधार विकास होइन । विकासको आधार पूर्वाधार हो । विकास गर्न पूर्वाधारको विकास चाहिन्छ, पूर्वाधारको विकासमा ठूलो सफलता प्राप्त गरिसकेका छौँ," उहाँले भन्नुभयो ।

उहाँले पूर्वाधारको विकास हुँदा कनेक्टिभिटीका क्षेत्रमा रेलवे, हवाईजहाज, विद्युत् विस्तार, संचारको विस्तारमा ठूलो प्रगति गरेको बताउनुभयो । नेपालजस्तो दुर्गम देशमा उत्पादनले बजार पाउँदैनन् भन्ने ठूलो गुनासो रहेकाले उहाँले केही ठाउँबाहेक त्यस्तो गुनासो नभएको स्पष्ट पार्नुभयो। अध्यक्ष ओलीले हरेक पालिकाका सदरमुकामलाई कालोपत्र बाटोले जोड्न अभियान सञ्चालन गरेको बताउनुभयो।

कार्यक्रममा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले नेपालको पूँजीगत खर्चलाई सुधार गर्नुपर्ने बताउनुहुँदै पूँजीगत खर्चको प्रभावकारीता ल्याउन चुनौती रहेको बताउनुभयो। उहाँले राष्ट्रिय योजना आयोगले लगेको कुरालाई संसद्ले पारित गरेर कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले विकासको सवालमा सबै राजनीतिक दल एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले पार्टीका नेताले पार्टीको कुरा मात्र नभई पार्टीको स्वार्थभन्दा माथि उठेर काम गर्न सके मुलुकको विकास हुने बताउनुभयो । उहाँले आफू भर्खरै मन्त्री भएकाले अब कामको गतिलाई अघि बढाउने र भौतिक क्षेत्रमा राम्रो प्रगति गर्ने बताउनुभयो । एमालेका केन्द्रीय सदस्य विभागका प्रमुख कृष्णवहादुर केसीले सडक, यातायातका क्षेत्रमा विज्ञसँगको छलफलबाट आएका सुझाव पार्टीलाई बुझाउने बताउनुभयो ।

विभागका सचिव सुशील ज्ञवालीले राजनीतिक दृष्टिकोण स्पष्ट भएमात्र विकास हुने धारणा राख्नुभयो । राजनीतिक रुपमा अस्थिरता आए पनि दृष्टिकोणमा परिवर्तन नभएपछि मुलुकको विकास हुने उहाँको भनाइ छ । कार्यक्रममा सडक, रेल तथा जल यातायातका क्षेत्रमा डा चन्द्रवहादुर श्रेष्ठ र गुरु भट्टराई, निर्माण व्यवसाय तथा इन्जिनियरिङमा सुशील ज्ञवाली र ओम शर्मा तथा यातायात क्षेत्रमा दधि खरेल र श्रीराम ढकालले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम छ ।रासस

# विद्यालय कर्मचारीलाई दरबन्दीमा कायम गराउन माग

काठमाण्डु । विद्यालय कर्मचारीलाई दरबन्दीमा कायम गराउने विषयमा सरकारसँग भएको सहमति कार्यान्वयन नभएकामा नेपाल विद्यालय कर्मचारी परिषद्ले चिन्ता व्यक्त गरेको छ ।परिषदको चौथो राष्ट्रिय भेलाको अवसरमा शनिबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग भएको सहमति कार्यान्वयनका लागि सरकारलाई ध्यानाकर्षण गराएको हो। गत जेठ ५ गते राष्ट्रपतिबाट चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा बुँदा नं १७ मा 'सामुदायिक विद्यालयका कार्यरत विद्यालय कर्मचारीको सेवा सुविधा सम्बोधन गरिनेछ' भन्ने उल्लेख





भएकामा बजेट प्रस्तुतिका क्रममा सो कार्यक्रम हटाइएको र प्रतिबद्धताबमोजिम हालसम्म महँगी भत्ता नपाएको परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले गुनासो गर्नुभयो ।भेलामा नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले सेवासुविधाका दृष्टिले विद्यालय कर्मचारी र प्रारम्भिक विकासका शिक्षक बढी अन्यायमा परेको स्पष्ट पार्नुभयो । उहाँले प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० लाई सहमतिका आधारमा छिटो पारित गराउन माग गर्नुभयो । परिषद्का महासचिव शान्तिनाथ योगीले विद्यमान शिक्षा ऐनमै विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्न व्यवस्था भए पनि हालसम्म कार्यान्वयन नहुनु दुखद भएको बताउनुभयो ।

सर्वोच्च अदालतको २०६७ माघ २३ को आदेशमा कर्मचारीको सेवा, शर्त, सुविधा उल्लेख गरी कार्यान्वयन गर्न भने पनि कार्यान्वयन भएको छैन । हाल विद्यालयका लेखापालले मासिक रु १३ हजार पाँच सय र कार्यालय सहायकले रु आठ हजार पारिश्रमिक पाउँदै आएका छन् । कार्यक्रममा शिक्षाका विषयमा कलम चलाउँदै आउनुभएका राससका प्रकाश सिलवाल, खबरएजुकेसन डटकमका लक्ष्मीप्रसाद ढकाल, एजुकेशन प्लस डटकमका रमेश लामिछाने र हिमाल प्रेस डटकमका रमेश दवाडीलाई सम्मान गरिएको थियो ।रासस

# नेपाली भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धनमा जोड

काठमाण्डु । नेपाली भाषा, साहित्य एवं सामाजिक मूल्य मान्यताहरूमा अतिक्रमण भइरहेको भन्दै यसको संरक्षण र संवर्द्धनमा राज्यको ध्यान जानुपर्नेमा जोड दिइएको छ । भक्तपुरस्थित काठमाडौं स्कुल अफ लको भाषा संस्कृति समितिद्वारा शनिबार आयोजित भाषा, साहित्य, संस्कृति एवं सामाजिक मूल्य मान्यतामा आधारित गलत सङ्कथन तथा अतिक्रमण र यसको समाधान विषयक गोष्ठीका सहभागीहरूले त्यसमा जोड दिएका हुन् ।सो गोष्ठीका सहभागीहरूले नेपाली भाषामा एकरुपता नभएको, नेपाली संस्कृति र परम्परामाथि आक्रमण भइरहेको तथा नेपाली मूल्य, मान्यताहरू पनि एकपछि अर्को गर्दै क्षय हुँदै गएको दृष्टान्त पेस गर्दै यसको निराकरण गरी नेपालीपनको प्रवर्द्धनका लागि राज्य गम्भीर हुनुपर्नेमा जोड दिए।

भाषाविद् एवं वरिष्ठ पत्रकार शरच्चन्द्र वस्तीले नेपाली भाषामा बिग्रह ल्याइएको, व्याकरणमा एकरुपता नभएकाले मानक खोज्न कहाँ जाने र कसलाई मान्ने भन्ने प्रश्न उब्जिएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाली भाषालाई धेरैभन्दा धेरै फराकिलो र अझ धनी बनाउनुपर्नेमा झन् धेरै सङ्कुचित बनाइएको छ, वास्तवमा भन्ने हो भने यतिखेर नेपाली भाषामाथि नै धेरै ठूलो अपराध गरिएको छ ।" पूर्वमहान्यायाधिवक्ता एवं काठमाडौं स्कुल अफ लका कार्यकारी निर्देशक प्रा डा युवराज सङ्ग्रौलाले योजनाबद्ध रूपमा नै नेपाली भाषा, कला, संस्कृति र परम्परामाथि हमला भइरहेको देखिएकाले यसको संरक्षणका लागि कलेजमा नै नेपाली भाषा संस्कृति समितिको निर्माण गरी विद्यार्थीहरूलाई यसमा लगाइएको जानकारी दिनुभयो। उहाँले यसैगरी देशभरिका कलेज पनि नेपाली भाषा र संस्कृतिको संरक्षणमा लाग्नुपर्ने सुझाव दिनुभयो ।वरिष्ठ पत्रकार युवराज घिमिरेले नेपाली सामाजिक संरचनालाई नै ध्वस्त पार्ने काम भएको भन्दै यसका विरुद्धमा र नेपालीपनको संरक्षणार्थ मुलुकका विद्यार्थी वर्ग लाग्नुपर्नेमा जोड दिनुभयो। पूर्वसचिव एवं काठमाडौं स्कुल अफ लका अध्यक्ष गोविन्द कुसुमले देशका मूल्य मान्यता र परम्पराहरूको संरक्षणमा राज्यले ध्यान नदिने हो भने यसले समाजमा विकृति र विसङ्गति ल्याउने धारणा राख्नुभयो । वरिष्ठ पत्रकारद्वय जीवराम भण्डारी र तीर्थ कोइरालाले नेपाली भाषा, संस्कृति र परम्पराको जगेर्ना गर्न पत्रकारिता क्षेत्रको ठूलो भूमिका रहने धारणा राख्दै पत्रकारिताको भाषामा पछिल्लो समय भाषिक एकताका लागि मानक हुन नसक्दा भद्रगोल हुँदै गएका उदाहरणहरू प्रस्तुत गर्नुभयो । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# छानबिन समिति गठन गर

संघीय संसदको बजेट अधिवेशन प्रारम्भ भएको छ । तर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको अबरोधको कारण बैठक नियमित हुन सकेको छैन् । कांग्रेसले अबरोध गरेपछि राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र लगायतका सूचनाहरु समेत सभामुख देवराज घिमिरेले सुनाउन पाएनन् । सहकारीको अर्बौ रुपैयाँ अपचलनले लाखौ निक्षेपकर्ता बिचल्लीमा परेका छन् । सहकारीको रकम अपचलनमा उपप्रधान एवं गृहमन्त्री रहेका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष रवि लामिछाने उपर छानबिन गर्न संसदीय समिति गठन गर्नुपर्ने कांग्रेसको माग छ । कांग्रेसले संसदीय छानबिन समिति गठन नभए सम्म दुबै सदन चल्न नदिने अडानबाट पछाडि हटने संकेत गरेको छैन् । कांग्रेसले छानबिन समिति गठन नभए सम्म संसद चल्न नदिने अडानमा रहेकाले प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठक स्थगित भएको छ । गृहमन्त्री लामिछानेले सहकारीको रकम अपचलनमा आफ्नो संलग्नतालाई अस्वीकार गर्दै आएका छन् । त्यसका लागि उनले महान्यायाधिवक्ताको कार्यालयबाट क्लिन चीट पनि लिएका छन् । तर उनको त्यो क्लिन चिटले महान्यायाधिवक्तालाई समेत विवादमा तानेको छ । नेपाली कांग्रेसलाई लामिछानेको घेराबन्दी गर्न राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) लगायतका दलहरुले प्रत्यक्ष रुपमा साथ दिइरहेका छन् । संसदीय छानबिन समिति गठन भए सरकारबाट बाहिरिने धम्की दिइरहेका रवि लामिछानेको बिरुद्ध निर्णय लिन सरकारलाई जोखिम छ । रास्वपाले सरकार छाडे पुष्पकमल दाहाल (प्रचण्ड)नेतृत्वको सरकार तत्कालै अल्पमतमा पर्ने छ । त्यसकारण रवि लामिछानेलाई जोगाउन एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रधानमनत्री प्रचण्डले हरसम्भव प्रयास गरिरहेका छन् । छानबिन समिति गठन भए लगतै लामिछानेले राजीनामा दिएर छानबिनको प्रकृयालाई सहज बनाउनुपर्ने माग उठनेछ । प्रमुख प्रतिपक्ष कांग्रेसले आफ्नो अडान नछाडेपछि संसद चलाउन कठिन हुनेछ । प्रतिनिधि सभालाई अबरोध गरेर समस्याको निकास निस्कन सक्दैन् । समस्याको निकासका लागि सरकारले संसदीय छानविनका लागि तयार हुनुपर्छ । सरकारले छानबिन गर्ने क्रममा अन्य सहकारीहरुलाई समेत छानबिन गर्ने गरी समिति गठन गर्नुपर्छ । समितिको छानविनको क्षेत्रलाई फराकिलो बनाउनु पर्छ । छानबिनबाट गृहमन्त्री भाग्नु हुँदैन् । उनी जनप्रतिनिधि हुन् । उनीमाथि लागेको आरोपलाई उनले स्वयं नै निर्दोष सावित हुनुपर्छ । नेपाली कांग्रेस संसदमा सबै भन्दा ठूलो दल हो । सरकार बनाउन भन्दा कांग्रेस केही सिट मात्र पछाडि छ । सामान्य उथलपुथलले पनि कांग्रेस सहितको सरकार गठन हुने सम्भावना जीवित नै छ । संसदको निकासका लागि छानबिन समिति गठन हुनैपर्छ ।

# उपेन्द्र नेतृत्वका दल पटक पटक किन टुक्रिन्छ ?

प्रभाषचन्द्र झा
(वरिष्ठ पत्रकार)

उपेन्द्र यादवले राजनीतिक क्षेत्रमा छुट्टै पहिचान स्थापित गरेका नेताको श्रेणीमा पर्छन् । विद्यार्थीकालदेखि राजनीतिमा सक्रिय रहेका उनी कम बोल्ने र बोलेपछि हत्तपत्त बोली नफेर्ने प्रवृति यद्यपि, अहिलेसम्म कायम नै छ । तर, नेपालको राजनीति सोभ्रो धारमा चल्दैन । जोकोही चाँडैभन्दा चाँडै मन्त्री बन्ने चाहना राखेर राजनीति गर्ने यत्रतत्र सर्वत्र छन् । मधेश आन्दोलनपछि मधेशमा नेता बन्ने र साँसद बनेपछि मन्त्री बन्नका लागि पार्टी फोड्ने खेल यो पार्टीमा २०६६ सालदेखि शुरु भएको हो । यसअघि, पार्टी स्थापना भएको पाँच महिना नपुग्दै विभाजनको मारमा परेको थियो । २०६४ सालको निर्वाचनपछि २०६६ सालमा माधव नेपालको नेतृत्वमा गठित सरकारमा पार्टीको नेतृत्वको विवाद चरमोत्कर्षमा पुगेपछि विजयकुमार गच्छदारले पार्टी फोडेर सरकारमा सहभागी भएको थियो । त्यसपछि, सत्तामा पुग्ने अवसर पाउनासाथ पार्टी फुट्ने क्रम जारी रह्यो ।

यो फुटको असर मधेश प्रदेशमा राष्ट्रिय जनता दल, नेपालको सरकार सङ्कटमा पर्ने सम्भावना बढेको देखिन्छ । उपेन्द्र यादव सत्ता गठबन्धनमा आवद्ध रहेपनि जसपा नेपालको सरकारको विकल्पमा नयाँ सरकार बनाउनका लागि चलखेल शुरु भइसकेको छ । त्यो चलखेलको मुख्य उद्देश्य प्रदेशमा जसपा नेपालमा फुटको लागि सो पार्टीका प्रदेशसभा सदस्यहरुको आत्मवल बढाउने मनसायपनि हुन सक्छ । त्यसो भयो भने, एमाले, माओवादी,एकीकृत समाजवादी, जनमत र नवगठित जनता समाजवादी पार्टीका साँसदहरु मिलेर सरकार गठन गर्ने सम्भावना प्रवल हुन्छ ।

राजनीति शुरु गरिएका दल परित्याग गरेपनि कतै न कतै सो दलप्रति सद्भाव रहिरहन्छ । त्यसको प्रभाव बेला बेलामा सद्भावना पार्टीका अध्यक्ष गजेन्द्र नारायण सिँहमा देखिन्थ्यो । त्यस्तै, उपेन्द्र यादव विद्यार्थी कालदेखि लामो समयसम्म एमालेमा बसेपछि माओवादी पार्टीमा प्रवेश गरेको थियो । उपेन्द्र यादव पटक पटक धोका पाएपनि अन्ततः एमाले र माओवादीको निकट पुगेको देखिन्छ ।

२०७४को निर्वाचनमा एमाले र माओवादीकेन्द्र मिलेर चुनाव लडेर बहुमत प्राप्त गरेको थियो । केपि ओलीको सरकारमा उपेन्द्र यादव मन्त्री बन्यो । प्रतिपक्षमा बस्दा उचित हुन्थ्यो । जुन ओलीको मधेशवादी दलहरुले संविधान निर्माण हुनुअघि मधेश आन्दोलनका क्रममा ओलीको कटाक्षको विरोधमा उनको पुतला दहनसँगै सराप्ने गर्दथ्यो । निर्वाचनमा पनि ओलीको व्यापक रुपमा विरोधपनि गरेको थियो । ति सवै कुरालाई विर्सेर ओलीको मन्त्रिमण्डलमा सम्मिलित भएपछि मधेशका जनतामा उपेन्द्रको छवि सत्ताको मोहमा फसेको आरोप लगाएको थियो । उपेन्द्रजी ओली नेतृत्वको सरकारबाट बाहिरिएपछि ओलीको विरोधमा उत्रेको थियो । पुनः त्यो कुरालाई विर्सेर २०७९को निर्वाचनमा उपेन्द्र यादवले एमालेसँग अर्थात ओलीसँग गरेको चुनावी तालमेल गर्‍यो । त्यो तालमेलबाट जनता समाजवादी पार्टी, नेपाललाई सोचेअनुरुपको फाइदा पुगेको देखिएन् । 'फाइदा पाए, अशोक राई ।' उनले सुनसरी-१बाट एमालेको सहयोगमा चुनाव जित्यो । त्यो जितले अशोक राईको राजनीतिलाई एक किसिमले जीवन्त प्रदान गर्‍यो । करिव दुई दसकको अन्तरालपछि मन्त्री बन्ने अवसरपनि प्राप्त भयो । अव त, दल विभाजन गरेर संसदमा उपेन्द्रको नेतृत्वको पार्टीको तुलनामा बढी साँसद लिएर बसेका छन् । 'यो हो नि राजनीतिक खेल ।'

उपेन्द्र यादवको नेतृत्वको पार्टी छैठोपटक विभाजित भएको छ । मूल पार्टीबाट फुटेर दल स्थापना गरेपनि प्रायः ति सवै दल विलुप्त भइसकेका छन् । मधेशी जनअधिकार फोरमको २०६३ सालमा स्थापना हुँदा उपेन्द्र यादव अध्यक्ष बनेको थियो । त्यसपछि, पार्टीमा फुट र अन्य पार्टीसँग एक्यबद्ध हुँदा नयाँ पार्टीको जन्म हुँदै गयो । तर, एकपटकबाहेक उपेन्द्र यादवको अध्यक्षीय पद कायम रहिरह्यो । जुन अहिलेसम्म यथावतनै छ ।

उपेन्द्र यादवबाट अलग भएपछि डा. बावुराम भट्टराईले स्थापना गरेको नेपाल समाजवादी पार्टीपनि विभाजनको मारमा परेको छ । डा. शाहेवलाई पनि आफ्नो नेपाल समाजवादी पार्टीको अस्तित्व जोगाउन धौं धौं परिरहेको छ । अशोक राईको नेतृत्वको पार्टी भाग्यनाथ गुप्ता, विजय गच्छदार र जयप्रकाश प्रसाद गुप्ताले स्थापना गरेका पार्टीजस्तै विलुप्त हुने कि डा. भट्टराईजस्तो हविगतमा पुग्ने हो ? २०७०को निर्वाचनमा गच्छदारले नेतृत्व गरेको मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) उपेन्द्रको पार्टीलाई धेरै पछाडि छोडेको थियो । चौँथो ठूलो पार्टी बनेको थियो । के अशोक राईको पार्टीले आउँदो निर्वाचनमा त्यस्तै, जित हात पार्न सक्छ कि मजफो गणतान्त्रिकजस्तै एकसिट पनि जित्न नसक्ने अवस्थामा पुग्छ वा विलुप्त हुन्छ, त्यो त समयले बताउँछ ।

अशोक राईहरुले उपेन्द्रमाथि सरकार ढाल्ने षडयन्त्र गरेको कारण अलग हुनुपरेको दावि गरिरहेका छन् । यस्ता आरोपको उपेन्द्र यादव पक्षका नेताहरुले खण्डन गरेका छन् । वास्तवमा, पार्टी विभाजनगर्ने कसरत लामो समयदेखि चल्दै थियो । अवसर मिल्यो, दल फुट्यो ।

चर्चा त यो पनि छ कि जनता समाजवादी पार्टी, नेपाल फुटाउनमा केपि ओलीहरुको भूमिका छ । सत्य भएपनि न भएपनि राजनीतिमा सरकार ढाल्ने, कार्यकर्ता तान्ने, प्रतिपक्षमा बसेर राम्रो कामको पनि विरोध गर्ने र आफ्नो हित छ भने अन्य पार्टी फुटाउने, आफ्नो पार्टीपनि फोड्ने, विरोधगर्नेलाई तल भार्ने जस्ता कार्य नेताको चरित्र नै हो । त्यसरी गर्न नसक्ने राजनीति नगरे हुन्छ । तसर्थ, आफ्नो पार्टी कसरी जोगाउने, त्यो पार्टी सभापतिको कार्यशैली र व्यहारमा निर्भर गर्छ । अशोक राईसँग जति सहज ढङ्गले ओली र प्रचण्डको तालमेल मिल्छ, त्यति उपेन्द्रसँगअव, मिल्ने सम्भावना छ, जस्तो लाग्दैन् ।

केपि ओलीको नेतृत्वको सरकारमा स्वास्थ्यमन्त्री बनेका उपेन्द्र यादव देशबाहिर हुँदा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट उनलाई कानुन मन्त्रालयको कार्यभार सुम्पिएको थियो । पुनः स्वास्थ्यमन्त्री भएर अमेरिकामा पुग्दा यसपल्ट पार्टी नै फुटेको छ । यसो हेर्दा, उपेन्द्र यादवको लागि स्वास्थ्य मन्त्रालयको कुर्सीमा शनिको कुदृष्टि परेको हो कि ?

प्रचण्डको नेतृत्वमा गठित सरकारमा २०७९ सालको चैत महिनामा अशोक राई शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री बनेको थियो । प्रचण्डको सरकारबाट काँग्रेस हटेपछि पुनः मन्त्रिमण्डल गठन हुँदा स्वयं उपेन्द्र यादव र नवलकिशोर साह मन्त्री भए । राईलाई पुनः मन्त्री नबनाएको र पार्टीभित्रको लामो समयदेखि जारी आन्तरिक विवादले अन्ततः दल फुटेको हो भन्ने चर्चा छ । जे भएपनि, अशोक राई आठ बर्षसम्म पार्टीमा टिकिरह्यो । पहिचान बनाएका कुनैपनि नेता यति लामो समयसम्म उपेन्द्र यादव टिक्न नसकेको देखिन्छ । सो आठ बर्षको अवधिमा पहिलोचोटी २०७९को निर्वाचनमा सुनसरी-१बाट जित हात पार्‍यो । त्यो जितमा एमालेको भरपुर समर्थन थियो । उपेन्द्रको बाध्यता कि सत्ता मोह ?

उपेन्द्र यादवलाई मन्त्री पद 'निल्नु न ओकल्नु' अवस्थामा पुऱ्याएको देखिन्छ । किनभने, मन्त्री पद छोड्यो भने सरकारको विरोधमा गएको ठहरिन्छ । मधेश प्रदेशको सरकार एमाले र माओवादीकेन्द्रको समर्थनमा टिकेको छ र ति दलका प्रदेशसभा सदस्यहरु मन्त्री पदमा आसिन छन् ।

मधेश प्रदेशको प्रदेशसभामा सवैभन्दा बढी सदस्य एमालेको छ । जसपा नेपाल तेस्रो स्थानमा छ । प्रदेशसभाको १०७ सदस्यमध्ये मात्र १९ जना साँसद उपेन्द्र नेतृत्वको पार्टीको छ । एमालेको २४ काँग्रेसको २२, माओवादीकेन्द्रको नौं जना, जनमतको १३ जना, एकीकृत समाजवादीको सातजना, लोसपाको नौंजना र अन्य ४ जना छन् । एमालेले आफ्नो नेतृत्वमा सरकार बनाउनका लागि आन्तरिक तयारी गरेको हल्ला चल्न थालेको छ । मधेश प्रदेशको सरकारमाथि आँच आउन नदिनका लागि उपेन्द्र यादव सरकार चाहेर पनि छोडछ, जस्तो लाग्दैन् ।

जे भएपनि, उपेन्द्र यादवलाई अव, सरकारमा बसिरहन मुश्किल छ । नवगठित जसपाले निर्वाचन आयोगबाट मान्यता पाउने कार्य जति सहज ढङ्गले भयो । त्यसले कतैकतै केपि ओलीहरुको भूमिका छ भन्ने आशङ्का गर्ने पर्याप्त ठाउँ छ ।

पार्टीमा स्थानीयतहमा कार्यकर्ताको विभाजन भएन, मधेश प्रदेशको प्रदेशसभामा आफ्नो अस्तित्व कायम स्थापित गर्न सकेन् भने अशोक राई नेतृत्वको पार्टीलाई सङ्गठन बनाउनका लागि धेरै मिहिनेत गर्नुपर्छ । अर्कोतर्फ, उपेन्द्र यादवको नेतृत्वको पार्टी पटक पटक किन विभाजनको मारमा पर्छ ? त्यस विषयमा गम्भीर विश्लेषण आवश्यक छ । अव, उपेन्द्रलाई सङ्गठनमा सवै वर्ग र समुदायलाई उचित ठाउँ दिएर अगाडि बढ्नुपर्छ ।

अशोक राईले एमालेको २०६५ सालमा बुटवलमा सम्पन्न राष्ट्रिय महाधिवेशनमा सवैभन्दा बढी मत ल्याएर उपाध्यक्षमा जितेको थियो । यसले आदिवासी जनजातिको हकहितमा एमाले कार्य नगरेको भनेर सङ्घीय समाजवादी पार्टी स्थापना गर्‍यो । कहिँलेपनि चुनाव नहारेका व्यक्ति आफ्नो नेतृत्वको पार्टीबाट हारेपछि उनको मोह भङ्ग भयो । आदिवासीले नपत्याएपछि उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम र अशोक राई नेतृत्वको सङ्घीय समाजवादी पार्टी मिलेर २०७२ साल जेठमा सङ्घीय समाजवादी फोरमको स्थापना भयो । त्यसपछि, डा. बावुराम भट्टराईले माओवादी पार्टी परित्याग गरी २०७३ साल असार महिनामा नयाँ शक्ति पार्टीको स्थापना गरेको थियो । २०७६ साल वैशाख २३ गते उपेन्द्र यादव नेतृत्वका सङ्घीय समाजवादी फोरम र नयाँ शक्ति पार्टीबीच एकीकरणपछि ति दुई पार्टी मिलेर 'जनता समाजवादी पार्टी नेपाल'को स्थापना गरेको थियो । उपेन्द्र यादवले राष्ट्रिय नेता बन्ने मनसाय राखेर ति दलहरुसँग एक्यबद्ध भएको बुझिन्छ । पार्टी विभाजन हुँदा उपेन्द्र यादवमाथि सवैभन्दा आरोप पार्टीभित्र प्रजातान्त्रिक परिपाटी नहुनु, अध्यक्ष यादव हठवादी हुनु, र आफ्ना नजिकका व्यक्तिलाई अवसर दिनेजस्ता आरोप सुनिन्छ । हुन त पार्टीबाट अलग हुनेहरुले यस्ता आरोप लगाउनु सामान्य विषय हो ।

सत्ता हेर्‍यो कि मधेशी दल फुटयो !

२०५२ सालमा गठित शेरबहादुर देउवाको नेतृत्वको संयुक्त सरकारमा गजेन्द्रनारायण सिँह मन्त्रिमण्डलमा सहभागी हुनासाथ नेपाल सदभावना पार्टी (नेसपा)मा आन्तरिक विवाद चरमोत्कर्ष अवस्थामा पुग्यो । सो पार्टीका तीन साँसदमध्ये अध्यक्ष स्वयं गजेन्द्रबाबु मन्त्री बनेपछि सांसदद्वय ह्रिदेश त्रिपाठी र अनिस अन्सारीले मन्त्री बन्न नपाएको कारण असन्तुष्ट भए ।

त्यसपछि, नेकपा (एमाले)को समर्थनबाट राप्रपाका लोकेन्द्र बहादुर चन्दको नेतृत्वमा २०५३ फागुन २९ गते र नेपाली काँग्रेसको समर्थनमा राप्रपाकै सूर्यबहादुर थापाको नेतृत्वमा गठित सरकारको समयमा नेपाल सद्भावना पार्टीभित्र मन्त्री बन्ने ललकको कारण पार्टी विभाजित भयो । पार्टी विभाजित भएपनि दुई बर्षभित्र पुनः ह्रिदेश त्रिपाठीहरु एक्यबद्ध भए ।

गजेन्द्रनारायण सिँहको २०५८ साल माघ १० गते निधन भएपछि उपाध्यक्ष रहनु भएका बद्री मण्डल नेसपाको कार्यवाहक अध्यक्ष भए । २०६१ साल माघ १९ गते राजा ज्ञानेन्द्रको अध्यक्षतामा गठित सरकारमा नेपाल सद्भावना पार्टीको कार्यवाहक अध्यक्ष बद्री मण्डल कृषि तथा सहकारीमन्त्री बनेपछि पुनः पाटी विभाजित भयो । त्यसपछि, नेपाल सद्भावना पार्टी टुक्रा-टुक्रामा विभाजित हुँदै अन्तोगत्वा, नेपाल सद्भावना पार्टी विलिन नै भयो ।

२०६४ साल वैशाख महिनामा निर्वाचन आयोगबाट दलको रुपमा मान्यता पाएका मधेशी जनअधिकार फोरम टुक्रा टुक्रामा विभक्त हुँदै सो नामनै विलिन भयो ।

त्यो पार्टीमात्रै होईन मधेश समर्थित अन्य पार्टीहरुपनि विभाजनको चपेटामा परे । २० बर्षको अवधिमा मधेशी दलभित्रको विभाजनको लामो ईतिहास छ । सवैभन्दा पहिले मधेशी जनअधिकार फोरम(मजफो) बाट भाग्यनाथ गुप्ताले २०६४ साल भदौंमा पार्टी फोडेर मजफो 'मधेश' गठन गरे । २०६६ सालमा पुष्पकमल दाहालले प्रधानमन्त्री पदबाट राजीनामा गरेपछि माधव नेपालको नेतृत्वको सरकारमा उपेन्द्र यादव र विजय गच्छदारले आ-आफ्ना नेतृत्वमा सरकारमा जाने अडानले अन्ततः गच्छदार पार्टी फोडेर अलग भयो । गच्छदारले मधेशी जनअधिकार फोरम(लोकतान्त्रिक) गठन गरी माधवकुमार नेपालको सरकारमा सहभागी भए । २०६९ साल असारमा मजफो (लोकतान्त्रिक) फोडेर शरद्सिँह भण्डारीले राष्ट्रिय मधेश समाजवादी पार्टीको स्थापना गरे । २०६८ जेठ ९ गते मजफो नेपाल फोडेर जयप्रकाश गुप्ताले मजफो (गणतान्त्रिक) गठन गरे । २०६९ साल पुस ११ गते नन्दन दत्तले सो पार्टीपनि फोडेर मन्त्री बन्यो । महन्थ ठाकुरको नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी पनि फुटबाट अछूतो रहेन् । २०६७ पुस १६ गते महेन्द्र रायले 'तमलोपा नेपाल' गठन गरे । राजेन्द्र महतोको सद्भावना पार्टी फोडेर रामनरेश रायले 'राष्ट्रिय सद्भावना पार्टी' गठन गरे । नेपाल सद्भावना पार्टी फोडेर अनील झाले पनि सङ्घीय सद्भावना पार्टी गठन गरे । २०७० साल भदौं १९मा महेन्द्र राय र रामनरेश राय मिलेर 'तराई मधेश सद्भावना पार्टी' गठन गरे । २०७० सालमा ६ पार्टी मिलेर 'राष्ट्रिय जनता पार्टी' गठन गरे ।

केपि ओलीको दल विभाजनसम्बन्धी ल्याएको अध्यादेशमार्फत विधेयकको फाईदा उठाएर राजपा र सङ्घीय समाजवादी पार्टी मिलेर जनता समाजवादी पार्टी गठन गरे । उक्त पार्टीमा महन्थ ठाकुरको नेतृत्वमा उपेन्द्र यादव, राजेन्द्र महतोहरु थिए । शेरबहादुर देउवाले दोश्रो दलविभाजनसम्बन्धी अध्यादेशमार्फत ल्याएको विधेयकको कारण महन्थ ठाकुरको नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टी गठन भयो ।

तराई काँग्रेसका संस्थापक वेदानन्द झाले २०१५ सालको निर्वाचनमा नराम्ररीसँग पराजित भए । मधेशी जनताले वेदानन्द झामाथि पत्याएन् । उहाँले कुनै सरकारसँग मधेशीको सम्बन्धमा सम्झौता पनि गरेको थिएन् । तपाई ! मधेशवादी नेताजीहरुमाथि मधेशी जनता पत्याए ।

तपाईको आह्वानमा ज्यान दिए, रगत बगाए, घाइते भए र जेलनेल, यातना सहे । तपाईहरुको निर्देशनलाई मधेशी जनताले समर्पित भएर पालना गरे ।

मधेश आन्दोलनको उपलब्धिबाट सवैभन्दा बढी लाभ नेताहरुले पाएका छन् । जनताको पालो कहिले आउने हो ? यो अत्यन्त गम्भीर विषय हो । पटक पटक मधेशी जनताले रगत बगाउने र मधेशी नेताहरु सत्तामा आसिन हुने भन्ने सपना नहेर्नुनै उचित हुन्छ ।

नयाँ- नयाँ नारा दिएर मधेशलाई आन्दोलित गर्न खोज्नुभन्दा प्राप्त उपलब्धिलाई व्यवस्थित गरौं । फुटको राजनीतिलाई तिलाञ्जलि दिनुनै सवैभन्दा राम्रो विकल्प हो । सिद्धान्तको आधारमा राजनीतिगर्ने व्यक्ति हत्तपत पार्टी न फोड्छ र न छोड्छ । त्यस्ता, व्यक्ति पार्टीभित्र अन्तिम समयसँग सङ्घर्ष गर्छन् । 'ईतिश्री ।'

# स्वस्थ्य जीवनका लागि सन्तुलित भोजन र ब्यायाम



टेकराज पन्थी

व्यायाम भनेको त्यस्तो व्यवस्थित कर्म हो, जसले शरीरको अवयवलाई सन्तुलित ढंगले सक्रिय तुल्याउँछ । समान्यतया व्यायामले शरीरलाई स्वस्थ्य राख्न मद्दत गर्दछ ।शरीरको तौल ठीक राख्ने, मुटुका रोगलगायत भित्री अंगका रोग हटाउने, हृदयाघात घटाउने, पाचन प्रणालीको विकास, अनिद्रा, मानसिक समस्या, डिप्रेसन, तनाब, चिन्ता आदि हटाउने, शरीरको रोगप्रतिरोधक क्षमताको विकास, शरीरको लचिलोपन र शारीरिक बल तथा मनोबलको विकासका लागि ब्यायाम सर्बोत्तम उपाय हो ।व्यायामलाई शारीरिक गतिविधिको रूपमा परिभाषित गरिएको पाईन्छ । जसमा मांसपेशी सकृय भै व्यक्तिको फिटनेस, मनोवृत्ति, स्वास्थ्य र कल्याणलाई सुधार गरी जीवन तन्दुरूस्ती कायम राख्छ।ब्यायामले शरीरलाई तन्दुरुस्त,स्वस्थ्य,फुर्तिलो तथा बलियो बनाउछ । साथै मुटु, मांसतन्तु (टिस्यु), स्नायु, जोर्नीहरू स्फूर्त भएर क्रियाशील बनाई स्वस्थ्य रहन गहकिलो सहयोग हुन्छ । शारीरिक रुपमा सक्रिय व्यक्ति जसले व्यायामलाई पनि आफ्नो जीवनशैलीको हिस्सा बनाएको छ, त्यो एकदमै लाभदायक मानिन्छ ।

साधारण शब्दमा भन्ने हो भने भोजनलाई आहार भनिन्छ। आयुर्वेदिक दृष्टिकोणले आहारको अर्थ मुख र जिब्रोले लिने खाद्य पदार्थहरू मात्र आहार होइनन्। आहारको वास्तविक अर्थ बाहिरको चिज वा वस्तु शरीर भित्र लिने भन्ने बुझिन्छ । जेसुकै कुरा पनि हामीले बाहिरबाट भित्र लिन्छौं भने त्यो आहार हो। भोजन आहार हो, जसलाई हामीले मुख र जिब्रोद्वारा भित्र लिन्छौं। तरआँखाद्वारा पनि हामीले बाहिरको दृश्यहरू भित्र लिन्छौं। सुन्दर दृश्यमा बसेर लिने मज्जा पनि आहार नै हो। कानले लिने आवाज, छाला वा त्वचाले लिने स्पर्श तथा मनले सीधै ग्रहण गर्ने विचार र कल्पना पनि आहार नै हो। विचारको आहार त यति शक्तिशाली छ, जसले मानिसको ब्रेनबोडीको रसायनिक संरचनालाई तुरुन्त परिवर्तन गरिदिन्छ। त्यसैले त मनोविज्ञान भन्छ, जस्तो सोच्छौं, त्यस्तै हुन्छौं। त्यसैले रोगहरूबाट छुटकारा पाउन, निरोग र स्वस्थ्य जीवन जिउन आयुर्वेद र मनोविज्ञानको यस धारणालाई हृदयंगम गर्दै सात्विक र सन्तुलित भोजनका साथै आफ्नो आचारविचार पनि ठीक राख्नु अति आवश्यक हुन्छ। त्यसैले हरेक अवस्थामा सन्तुलित भोजन गर्नु स्वास्थ्यका लागि उत्तम हुन्छ ।

मानिसकोलागि आवश्यक पर्ने कार्बोहाईड्रेट,प्रोटिन,चिल्लोपदार्थ, खनिज, भिटामिन, पानीपौष्टिक तत्वहरू हुन् । कार्बोहाईड्रेटले शक्ति प्रदान गर्न, रोगसँग जुध्न, क्षमता वृद्धि गर्नको लागि जरूरी हुन्छ । मकै, चामल, गहुँ सखरखण्ड, आलु, तरूल, उखु, केरा, भुईंकटहर, आप, मेवा, एभोकाडोआदिमा कार्बोहाईड्रेड पाईन्छ । त्यसैगरी प्रोटिनलेशरीरका कोषको वृद्धिरविकास गर्न, शरीरको कार्य संचालन गर्न एवं विभिन्न रोगसँग लड्नको लागि प्रोटिन आवश्यक पर्दछ। बोडी, सिमी, च्याउ, केराउ, भटमास, माछा, मासु, दुध, अण्डाआदिमा पाईन्छ । शरीरलाई आवश्यक पर्ने तत्वमा चिल्लो पदार्थ पनि पर्दछ । दूध, मासु, ध्यू, तेलमा चिल्लो पदार्थ पाईन्छ। यसले मुटु, फोक्सो, कलेजोको रक्षा गर्न सहयोग गर्दछ । खनिजशरीरको तन्तुको वृद्धि र मांशपेशीहरूको विकासका लागि खनिजको आवश्यक्ता पर्दछ । खनिज पदार्थमाछा, मासु, दुध, दही,मुला, गाजर, सिस्नु, पालुङ्गोआदिमा पाईछ । शरीरलाई चाहिने तत्वहरू मध्ये भिटामिन पनि महत्वपूर्ण मानिन्छ । जसलेशरीरको हाड जोर्नी, दाँत तथा विभिन्न तन्तुहरूलाई बलियो बनाउन मद्धत गर्छ । साथै आखाँ तेजिलो र स्वस्थ्य राख्नको लागि भिटामिनको आवश्यक पर्छ ।

शरीरलाई विभिन्न भिटामिनहरू आवश्यक हुन्छ ।केरा, आप, मेवा, फर्सी, काक्रो, लट्टेको साग, गाजर, काउली, पालुङ्गोसाँग, अण्डा, माछा, कलेजोमा भिटामिन ए पाईन्छ । भुईकटहर, स्ट्रबेरी, कागती, मेवा, गेडागुडीहरू केराउ, सिमी, बोडी, चनामा भिटामिन बी पाईन्छ । यसैगरी कागती, स्याउ, सुन्तला, भोगटे, गोलभेडा, अम्बा, भुईकटहर, लिचीमा भिटामिन सी पाईन्छ ।शरीरलाई आवश्यक पर्ने भिटामिन डि सूर्यको किरण, माछा, दुध, अन्न बाली साथै दुधजन्य पदार्थ जस्तै दही, नौनी,घिऊमा पाईन्छ ।काउली, कुरिलो, सलगम नरिवल, काजु, सुर्यमुखी फुलको तेलमा भिटामिन ई रबन्दाकोबी, काउली, ब्रोकाउली, कुरिलो, अन्नबाली, माछा, कलेजो, अण्डाभिटामिन के प्राप्त हुन्छ । तर कति खाने, कसरी खाने, कहिले खाने भन्ने बिषयमा जानकारी भै तोकिएको मात्रामा खानु पर्दछ । शरीरलाई अति आवश्यक पर्ने तत्वमा पानी पनि पर्दछ । शरीरको तापक्रम ठिक राख्न, पाचन प्रणाली र शरीरका प्रकृयाका लागि पानीको आवश्यकता पर्दछ । एक व्यक्तिले शरीरको अवस्था र उमेरलाई समेत ध्यान दिएर दिनमा दुई देखि पाच लिटर पानी पानी पिउन जरुरी छ । शरीरलाई चाहिने विभिन्न तत्वहरूलाई मात्रा मिलाएर खाएमा सन्तुलित भोजन भन्ने गरिन्छ ।हाम्रो शरीरलाई दैनिक न्यूनतम दुइहजार क्यालोरी जरूरी पर्दछ । क्यालोरीले शरीरमा उर्जा प्रदान गर्छ र शरीरको उर्जा बचत गर्न पनि सघाउँछ । भोजनमा रहेको क्यालोरीकै कारण शरीर चलायमान हुने हो । यद्यपी क्यालोरीको मात्रा मासिनको उमेर, लिंग, शारीरिक बनावट र शारीरिकक्रियाशिलतामा पनि निर्भर गर्छ ।बोसो र चिनी दुबैले हाम्रो शरीरमा उर्जा प्रदान गर्छ तरआवश्यक्ता भन्दा बढी सेवन गर्दा शरीरको एक भागमा गएर जम्मा हुन्छ जसको कारण शरीर मोटो हुन थाल्छ । यहि मोटोपनका कारण शरीरमा विभिन्न किसिमका रोगहरूले आक्रमण गर्न शुरूवात गर्दछ । तसर्थ सन्तुलित भोजन र नियमित ब्यायाम हुनु जरूरी छ।

शिशु,बाल्य, युवा, वयस्क जस्तै किशोरावस्था पनि एक विशेष अवस्था हो । यो वेला किशोरकिशोरीको शारीरिक वृद्धि छिटोछिटो हुन्छ। त्यसैले त्यतिखेर शरीरलाई पौष्टिक तत्त्वको आवश्यक पर्छ । वृद्धि र विकासलाई सन्तुलित राख्नको लागि प्रशस्त मात्रामा पौष्टिक तत्त्व खानुपर्छ । प्रोटिन, चिल्लो पदार्थ, भिटामिन पनि उत्तिकै आवश्यक पर्छ । शारीरिक वृद्धिको साथै यस अवस्थामा केटीहरूको हकमा ११ देखि १४ वर्ष र केटाहरूको हकमा १३ देखि १५ वर्षको उमेरमा विभिन्न किसिमका हर्मोनमा परिवर्तन आउने हुन्छ ।यसकारण यतिखेर सन्तुलित भोजनको अति आवश्यक हुन्छ ।कुनै पनि खाद्य पदार्थमा कुनै न कुनै किसिमको पौष्टिक तत्त्व हुन्छ । साग, तरकारी र फलफूलमा भिटामिन ए, सी, डी, ई र आइरन पोटासियन प्रशस्त रूपमा पाउँछौं । यो खाएर कुनै रोगसँग लड्न सक्ने भन्दा पनि यो खानेकुराले रोगसँग लड्नसक्ने क्षमतालाई बढी मात्रामा सक्रिय रहन सहयोग पुर्याउँछ । जसले रोग प्रतिरोधात्मक शक्ति बढाउनमा मद्दत पुर्याउँछ । अमिलो फलफूल सुन्तला, अमला, कागतीमा भिटामिन सी पाइन्छ । भिटामिन सीले रोग प्रतिरोधात्मक क्षमताका लागि पहरेदार अथवा सुरक्षा कवचको काम गर्छ ।सन्तुलितभोजनको सेवनले शरीरलाई स्वस्थ्य तथा र स्फूर्त राख्न मद्दत गर्छ। शरीरको रोग प्रतिरोधी क्षमता बढाउनुका साथै विभिन्न रोगहरूबाट शरीरलाई सुरक्षा प्रदान गर्छ। त्यतिमात्र हैनसन्तुलित भोजनले शरीरको वृद्धि विकासमा पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

सन्तुलित भोजनमा तरल पदार्थ, माइक्रोन्युट्रियन्टस,क्यालोरी लगायतको पौष्टिक पदार्थ प्रयाप्त हुन्छ, जसको सेवनले समग्र स्वास्थ्यलाई स्वस्थ्य राख्न मद्दत गर्छ। सामान्यतया सन्तुलित भोजनमा अन्न, फलफूल, माछामासु, सागसब्जी, दुग्धजन्य पदार्थ, तेल सबै किसिमको खाद्यान्न समावेश हुन्छ। तर सबै किसिमको खान्की एकै थालीमा पस्कन त्यती संभव हुँदैन रथरीथरीको खानेकुरा मिश्रण गर्दैमा त्यो सन्तुलित हुन्छ भन्ने पनि होइन । अर्थात दाल, भात, तरकारी, अचार मिश्रण गरिदैमा त्यो सन्तुलित हुन्छ भन्ने छैन । पोषण तत्वहरूको मात्रा मिलेको हुनु पर्दछ ।

हाम्रो भोजनमा घ्यु, तेल आदिपदार्थको सेवनले मल विसर्जनमा सूविधा हुन्छ। भोजन सधैँ ताजा र तातो हुनु पर्दछ। यस्तो भोजन स्वादिष्ट हुनुका साथै पाचक, अग्नि बढाउने सुपाच्य हुन्छ। यस्तो भोजन पौष्टिक पनि हुन्छ, बासी र चिसो भोजन भारी, तामसिक र अपौष्टिक हुन्छ। यसैगरी भोजनको सुन्दरता हुनु पर्दछ । भोजनको रङ्ग, गन्ध, स्वाद तथा स्पर्श रुचिकर हुनु पर्दछ। भोजनप्रति रुचि बढाउनको लागि भोजनलाई अझ स्वच्छ, सुन्दर र आकर्षक हुन आवश्यक हुन्छ। निरन्तर एक प्रकारको भोजन खाना अरुचि हुन सक्छ। भोजन गर्दा सधैँ शान्त र प्रसन्न मनले तयार पार्ने तथा सेवन गर्नु पर्दछ ।साथै भोजन गर्दा नबोली पलेटी मारी बसेर सेवन गर्नु राम्रो हुन्छ। कुरा गर्दै वा एकचित्त नभएर भोजन गर्नु हानिकारक हुन सक्छ। साथै भोजनको उचित समय वा एउटै समयमा सधैँ नियमित भोजन गर्नु पर्दछ। बिहानको खानामा तारेको, भुटेको नभए राम्रो हुन्छ । बिहानको खाना राम्रो भएमा कोलेस्ट्रोल बढ्ने तथा मधुमेहको खतरा हुँदैन । काँचो अङ्कुरित अन्नहरू जस्तैः मेथी, गहुँ , मुँगी, चना र सानो केराउको मिश्रण तथा फलफूलको प्रयोग भएमा सबै खालको भिटामिन तथा मिनिरलहरू प्राप्त हुन सक्दछ। सूर्यास्त भन्दा एक घण्टा अगाडिवा बेलुकी सुत्नु २/३ घण्टा अगाडि भोजन गरी सक्नु पर्दछ। भोजन पश्चात् केहिबेर बज्राशनमा बस्ने गर्दा धेरै राम्रो हुन्छ र खाना खाएर ब्यायाम भने गर्नु हुदैन ।

भोजन गर्दा पेटको एक तिहाइ भाग खाली रहने गरी भोजन गर्नु पर्दछ। भोजनको मात्राको निर्णय गर्न मानिसको आफ्नो प्रकृति, आयु, पाचक अग्निको शक्ति, हल्कापन र पेटमा भएको अग्निको तीब्रतालाई विचार गर्नु पर्दछ । पाचन शक्ति राम्रो हुने मानिसले केही धेरै मात्रामा भोजन गरेतापनि धेरै कष्ट हुँदैन। तर पाचन शक्ति कम हुनेहरूले भारी भोजन गरेमा कष्ट हुन सक्छ। समग्र रूपमा हेर्दा पेटको एक तिहाइ भाग खाली रहने गरी भोजन गर्नु उपयुक्त हुन्छ । तरआवश्यकता भन्दा कम गरेको भोजनले आवश्यक ऊर्जा प्रदान गर्न सक्दैन र अत्यधिक मात्रामा सेवन गरेको भोजनले आलस्य, भारीपन, मोटोपन, अपच आदि जस्ता समस्या उत्पन्न गराउँछ। यस्तो भएमाविकारको जन्म हुन्छ । त्यसैले बिहान प्रसस्त भोजन गर्नु र बेलुकी हल्का भोजन मात्र गर्नेबानी बसाल्नु पर्दछ ।आफ्नो शरीरको प्रकृति तथा आफुले गरिने शारीरिक श्रम वा ब्यायामका आधारमा भोजन सेवन गर्ने र सुत्नुअघि मनतातो दूध सेवन गर्नु राम्रो हुन्छ ।

राम्रोसँग चपाएर भोजन गर्नु पर्दछ तर नचपाएको भोजन ठिकसँग पाचन हुन सक्दैन र अजीर्ण, कब्जियत जस्ता रोगहरू उत्पन्न गराउँछ। भोजन बिस्तारै चपाइ-चपाइ अज भन्नु पर्दा एकगास खानालाई बत्तीस पटकसम्म चपाएर सेवन गर्ने, पेय पदार्थलाई पनि बिस्तारै चपाए झैँ गरी खाने गर्दा भोजन पचाउन सजिलो हुन्छ र थोरै खानाले पनि आवश्यक पोषण प्राप्त हुन सक्दछ। तरखाना नचपाई खानाले अपच तथा कब्जियत भई विभिन्न समस्या आउन सक्छ। खाना सगै पानी पिउन हुदैन । भोजनपश्चात् तुरुन्त पानी खाएमा पचाउने अग्नि अर्थात् जठारग्नी कमजोर हुनजाँदा पाचन पक्रिया प्रभावित भई अपच हुन्छ। त्यसैले भोजन खाएको कम्तिमा आधा घण्टासम्म वा भोजनको तीस मिनेट अगाडीसम्म पानी नखानु उत्तम हुन्छ। तर भोजनको बिचमा अप्ठेरो परेमा एक दुई घुँट लिन सकिन्छ। भोजन पश्चात् बिहान जुस, दिउँसो लस्सी र रातमा दूध लिनु उचित हुन्छ।

शरीरलाई स्वस्थ राख्न आहारमा अन्न, कार्बोहाइड्रेट्स, प्रोटिन, फ्याट, खनिज पदार्थलाई समावेश गर्न जरुरी छ। साथमा शारीरिक ब्यायाम वा गतिविधि गर्न आवश्यक छ। गलत खानपानले मोटोपना र विभिन्न रोगको समस्या निम्त्याउँछ।शरीरलाई स्वस्थ्य राख्न आहारमा अन्न, कार्बोहाइड्रेट्स, प्रोटिन, फ्याट, खनीज पदार्थलाई समावेश गर्न जरुरी छ । साथै शारीरीक गतिविधि गर्न पनि आवश्यक छ ।

माछा, मासु, अण्डा समावेश नभएको अन्न, गेडागुडी, फलफूल सागसब्जी, दही दूध एवं बोटबिरुवाबाट उत्पादित खाद्यवस्तु शाकाहारीमा पर्छन् । सन्तुलित शाकाहारी भोजन स्वास्थ्यका लागि फाइदाजनक हुन्छ । हरिया सागपात, पहेंला फलफूल, बदाम तथा जडीबुटीमा एन्टिअक्सिडेन्टको मात्रा प्रशस्त पाइन्छ । यसले शरीरमा भएको विकार बाहिर निकाल्नुका साथै रोगप्रतिरोधक क्षमता वृद्धि गर्छ। खनिज तथा भिटामिन बोटबिरुवाबाट प्रशस्त मात्रामा पाइने भएकाले रतन्धो, रक्तअल्पता आदिबाट पनि जोगिन सकिन्छ। शाकाहारी भोजन खासगरी बोटबिरुवाबाट उत्पादन हुने भएकाले त्यसमा पानीको मात्रा मांशाहारी भोजनको तुलनामा बढी हुन्छ। यसले शरीरमा पानीको परिपूर्ति गर्न सहयोग पुर्यालउँछ । सागपात एवं फलफूलमा प्रशस्त मात्रामा फाइबर हुने भएकाले कब्जियत, ग्यास्ट्रिक, कोलोन क्यान्सर तथा एसिडिटी कम गर्नुका साथै पाचन प्रणाली मजबुत बनाउँछ । विभिन्न अध्ययनमा शाकाहारी मानिसलाई दीर्घकालीन एवं प्राणघातक रोग कम लाग्ने बताइएको छ । शाकाहारी भोजनमा कुनै प्रकारको कमी हुँदैन भने यो स्वस्थ्य समेत हुन्छ । ६-६ महिनामा स्वास्थ्य एवं पोषण स्तर परीक्षण गराएर, रोगको परीक्षण गरी उमेर एवं तौलका आधारमा डाइटिसियनले दिएको डाइट चार्ट तथा निर्देशन पालना गरे स्वस्थ्य जीवन जिउन सकिन्छ ।

आधुनिक समाजमा रोगहरू यसरी बढेका छन् कि रोग नै नलागेका मानिसहरू भेट्न नै गाह्रो छ। यसरी मानिसलाई रोगहरूले आक्रमण गर्नुको एक प्रमुख कारण मानिसहरूको अप्राकृतिक जीवनशैली हो भन्नेमा दुई मत छैन। प्राकृतिक नियम विपरितको खानपान तथा आँचरणका कारण नै मानिसलाई मधुमेह, हृदयरोग, ब्लड प्रेसर, थाइरोडिज्म, मोटोपना, लिभर सिरोसिस, ग्यास्टिक, अल्सर तथा क्यान्सर जस्ता खतरनाक रोगहरूले गाँजेको कुरा आधुनिक चिकित्सा विज्ञानले पनि स्वीकार गरेको छ। तरअधिकांश मानिसहरू यस तथ्यप्रति गम्भीर नभई रोगहरूबाट छुटकारा पाउने आशामा विभिन्न हस्पिटलहरू धाउने गरेका हुन्छन्।

भोजनको उद्देश्य शरीरलाई पोषण दिनु हो। वास्तवमा भोजन शरीरको इन्धन हो। भोजनबाट नै मानिसलाई कार्य गर्ने ऊर्जा मिल्छ। त्यसैले संभव भएसम्म सदैव सात्विक र सन्तुलित भोजन गर्नुपर्छ। भोजन जीवन स्थिर राख्नको लागि गर्नुपर्छ, स्वादको लागि होइन। चटपटे अमिलो, जंकफुड, डिब्बा र पकेटका मृत भोजन आदि सेवन गर्नुहुँदैन। गहुँ, मुँग, मकै आदि अन्न, लौका, फर्सी, करेला, टमाटर, काँक्रो, आलु, मुला आदि तरकारी, सिमी, बोडी, चना, भटमास, केराउ आदि गेडागुडी तथा हरियो सागपात र फलफूलहरू आदि जस्ता अमृत खाद्यपदार्थ सात्विक भोजन हुन्। अमृत खाद्यपदार्थ भन्नाले यस्ता जीवित खाद्यपदार्थ हुन्, जुन उम्रिन सक्छन्। जस्तै : गहुँ, जौ, मुँग, मकै तथा फलफूलहरू। अतः स्वस्थ्य शरीरका लागि जंक फुड तथा फास्ट फुड जस्ता मृत खानेकुराहरू होइन, अमृत खाद्यपदार्थ शुद्ध र सफासँग, त्यसको प्राकृतिक स्वरूप र गुण नष्ट नहुने गरी पकाएर, ठीक मात्रामा आरामसँग बसेर खुब चपाइ-चपाइ खानाको स्वाद लिएर खानु पर्दछ । यसरी एकाग्रचित्त भएर भोजन गरेको खण्डमा पाचनप्रणाली उचित तरिकाले आफ्नो कार्य गर्छ ।स्वस्थ्य जीवनका लागि भोजन मात्र ठीक भएर हुँदैन मानिसको आचारविचार पनि ठीक हुनुपर्छ।

शरीर, मन र आत्मा ठीक छ भने मात्र स्वस्थ्य जीवनको कल्पना गर्न सकिन्छ । शरीर स्वस्थ्य छ भने मन पनि ठीक हुन्छ । मन ठीक छैन भने शरीरमा भारीपन आउँछ । मन ठीक छ भने शरीर पनि स्वस्थ भएको अनुभव गर्न सकिन्छ । शरीर, मन, बुद्धि र चित्त एकआपसमा परिपूरक छन् । एकको अस्वस्थ्यताले अरूलाई पनि असर गर्दछ । शरीर, मन र बुद्धि सन्तुलित तथा विकसित र स्वस्थ्य हुनका लागि शरीरस्थित स्नायु, श्वासप्रश्वास, रक्तसञ्चार, पाचन, हड्डी आदि सबै प्रणालीहरू स्वस्थ्य र सबल हुनु आवश्यक छ ।

अन्त्यमा, हरेक दिन आफ्नो उमेर र शारीरिक क्षमता अनुसार कुनै न कुनै शारीरिक कार्यहरू गर्ने, दैनिक दुई-चार किलोमिटर हिड्ने वा दौडिने, ध्यान, प्राणायाम तथा आसन वा व्यायाम गर्ने, लेखपढ गर्ने, गहिरो निद्रा सुत्ने, सन्तुलित पौष्टिक आहार सेवन गर्ने, सकारात्मक सोच, आशा र विश्वास राख्ने, सक्रियपूर्वक सामाजिक कार्यहरूमा लाग्नु स्वस्थ्य र दीर्घायु रहने सरल उपायहरू हुन्। तामसी भोजन भन्दा सात्विक भोजनमा ध्यान दिउ । सकारात्मक सोच, सन्तुलित भोजन र शारीरिक ब्यायामबाट स्वस्थ्य जीवन जीउन सकिन्छ भन्नेमा विश्वास गर्न सकिन्छ । मधेश प्रदेशमा अन्यत्र प्रदेशमा भन्दा गर्मी धेरै हुने हुदा मधेशमा अज धेरै खानपानमा ध्यान दिनु जरुरी देखिन्छ ।

(लेखकः जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ)

# पर्यटन प्रवर्द्धनमार्फत समृद्धि हासिल गर्न सबै एकजुट हुनुपर्छ : सभामुख घिमिरे

**पाटन** । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले मुलुकमा रहेका सांस्कृतिक र प्राकृतिक सुन्दरताको प्रचारप्रसार गर्दै पर्यटन प्रवर्द्धनमार्फत समृद्धि हासिल गर्न सबै एकजुट भएर लाग्नुपर्ने बताउनुभएको छ।

ललितपुरको महालक्ष्मी नगरपालिका-१० को नवनिर्मित वडा कार्यालय भवन उद्घाटनका लागि आज यहाँ आयोजित समारोहमा सभामुख घिमिरेले राजनीतिक परिवर्तनको आन्दोलन सम्पन्न भएको बताउनुहुँदै अब पर्यटन प्रवर्द्धनमार्फत समृद्धि हासिल गर्नेतर्फ सबै एकजुट भएर लाग्नुपर्ने बताउनुभयो।जनप्रतिनिधि र राजनीतिक दलमा इच्छाशक्ति भयो भने हरेक क्षेत्रको विकास सम्भव हुने भन्दै स्थानीय तहको विकास र आकर्षणका लागि जनप्रतिनिधि र राजनीतिक दलले योजना बनाएर लाग्नुपर्ने उहाँको भनाइ छ।

"समृद्धिको आधार पर्यटन हो, हिजो सबैभन्दा अपहेलनामा रहेको ठाउँ अहिले आकर्षक बन्ने क्रममा छ, यहाँ गणेशमान पार्क र मनमोहन पार्क बनेका छन्, भएका प्राकृतिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्दै नभएका कुराहरुको विकास गर्न सकियो भने राजधानी नजिकैको सुन्दर र रमणीय ठाउँ आकर्षणको केन्द्र बन्न सक्छ। गर्मीमा यो चिसो ठाउँमा आएर सुन्दरताको उपभोग गर्नेहरु लालयीत हुन्छन्", सभामुख घिमिरेले भन्नुभयो।

उहाँले उद्घाटन भएको भवनबाट जनताको दैनिक सेवासुविधालाई सहज बनाउन गुणात्मक उपलब्धि हासिल होस् भन्ने कामना गर्नुभयो। सभामुख घिमिरेले स्थानीय जनताको प्रयत्न र लगनशीलताले मात्रै समृद्धि हासिल हुने बताउँदै आफ्नो क्षेत्रबाट सकेको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। वडा कार्यालयको भवन निर्माणले जनतालाई छिटो र सहजरुपमा सेवा प्रदान गर्ने भन्दै यसले सङ्घीयताको प्रभावकारिताका लागि सहयोग पुऱ्याएको बताउनुभयो।




प्रतिनिधिसभा सदस्य प्रेमबहादुर महर्जनले ग्वार्कोबाट पनौतीसम्म पुग्ने यहाँको सडकलाई स्तरोन्नति गरेर सहज बनाउने कार्यमा लाग्ने र यहाँको पर्यटन विकासमा क्रियाशील रहने बताउनुभयो। उहाँले नगरकोट र धुलिखेल जस्तै पर्यटकीय क्षेत्र बनाउनका लागि सङ्घीय सांसदका रुपमा लागिपर्ने बताउनुभयो।

सांसद महर्जनले स्थानीय उत्पादनलाई बजारीकरण गरेर समृद्धि हासिल गर्नतर्फ लाग्न आग्रह गर्दै त्यसका लागि आफूले सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। महालक्ष्मी क्षेत्रको औद्योगिक, सांस्कृतिक र पर्यटकीय विकासमा सबैले हातेमालो गरेर लाग्नुपर्नेमा उहाँको जोड थियो।

बागमती प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले पहिलो कार्यकालमा आफू नगरप्रमुख हुँदा स्वच्छ, सफा, समृद्ध र सुन्दर नगरपालिका बनाउने कार्ययोजना तय गरेको बताउनुभयो। उहाँले वडा कार्यालय भवन समयमै निर्माण सम्पन्न गरेकामा निर्माण व्यवसायीलाई धन्यवाद व्यक्त गर्नुभयो। मन्त्री श्रेष्ठले आफ्नो कार्यकालमा ६८ वटा ऐन, कानुन बनाएको जानकारी गराउँदै विभिन्न प्राविधिक कारणले नगरपालिका भवन निर्माण हुन नसकेको बताउनुभयो। उहाँले प्रदेश तहबाट हरेक किसिमले महालक्ष्मी नगरपालिकाको समृद्धिका लागि क्रियाशील रहने प्रतिबद्धता जनाउनुभयो।

> प्रतिनिधिसभा सदस्य प्रेमबहादुर महर्जनले ग्वार्कोबाट पनौतीसम्म पुग्ने यहाँको सडकलाई स्तरोन्नति गरेर सहज बनाउने कार्यमा लाग्ने र यहाँको पर्यटन विकासमा क्रियाशील रहने बताउनुभयो। उहाँले नगरकोट र धुलिखेल जस्तै पर्यटकीय क्षेत्र बनाउनका लागि संघीय सांसदका रुपमा लागिपर्ने बताउनुभयो।

आफू सदैव पारदर्शिता र सुशासनलाई अवलम्बन गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाउँदै मन्त्री श्रेष्ठले बागमती प्रदेशका अतिविपन्न नागरिक, लोपोन्मुख जाति, आश्रित व्यक्तिहरु, महिला स्वयंसेविका र अपाङ्गता भएका व्यक्तिहरुको बीमा रकम मन्त्रालयले तिरिदिने व्यवस्था गरेको बताउनुभयो।

मन्त्री श्रेष्ठले उत्पादनसँग जोडिने युवालाई स्वरोजगार र आत्मनिर्भर बनाउनका लागि स्थानीय तह र स्वास्थ्य संस्थासँग समन्वय गरी आगामी वर्षको प्रदेश मन्त्रालयअन्तर्गतको बजेट आउने जानकारी गराउनुभयो। उहाँले पूर्वाधार विकासका साथै मानवीय विकासका लागि स्वास्थ्य, शिक्षा र रोजगारको क्षेत्रमा स्थानीय सरकारलाई सवलीकरण गर्न प्रदेश तहबाट लागिपर्ने बताउनुभयो।

महालक्ष्मी नगरपालिकाका प्रमुख हरिगोबिन्द महर्जनले वडा नं १० लाई महत्व दिएर बजेट व्यवस्थापन गरिरहेको बताउनुभयो। उहाँले यस क्षेत्रको तामाङ समुदायको आर्थिक, सामाजिक विकास, पर्यटन पूर्वाधार विकासका लागि काम गरिरहेको उल्लेख गर्नुभयो।

नगरप्रमुख महर्जनले यस ठाउँको विकासका लागि २० रोपनीको क्षेत्रमा फुटबल ग्राउन्ड बनाउने तयारी रहेको जानकारी दिनुभयो। लाँकुरी भञ्ज्याङलाई पर्यटकीय क्षेत्र बनाउनका लागि गुरुयोजना तयार गरिरहेको पनि उहाँले बताउनुभयो।

उपप्रमुख लक्ष्मी महर्जनले स्थानीयको बाक्लो बस्ती रहेको स्थानमा शिलान्यास भएको वडा कार्यालय भवन निर्माण एक वर्षमा नै सम्पन्न गरिएको बताउनुभयो। उहाँले 'समृद्ध र सुशासनयुक्त महालक्ष्मी नगर' बनाउन अरु वडाका कार्यालय भवन तथा नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्ने बताउनुभयो।

नगरपालिकाको आन्तरिक आर्थिक स्रोत कम भएको उपप्रमुख महर्जनले यहाँको सबै वडाको समानुपातिक विकासका लागि केन्द्रीय तहबाट बजेटका लागि पहल गरिदिनुहुन सभामुखलाई आग्रह गर्नुभयो।प्रमुख प्रशासकीय अधिकृत प्रदीप पौडेलले यस वडा कार्यालय भवन निर्माणका लागि रु दुई करोड २४ लाख ७४ हजार तीन सय पाँच लागत अनुमान गरिएकामा निर्माणका क्रममा लागत केही बढ्न गई रु दुई करोड ७४ लाख नौ सय ६१ मा सम्पन्न भएको जानकारी दिनुभयो।

वडा नं १० का अध्यक्ष विजय लामाले वडाको केन्द्रबिन्दुमा रहेको ठाउँमा निर्मित भवनबाट जनतालाई प्रत्यक्ष प्रदान गरिने सेवा तथा कार्य सम्पादनमा सहजता हुने बताउनुभयो। उहाँले सेवाग्राहीको पहुँचका लागि सडकको स्तरोन्नति गर्न प्रयत्नशील रहने बताउँदै सीमित स्रोत र साधनका बीच नागरिकलाई सन्तुष्ट पार्ने गरी सेवासुविधा प्रदान गर्ने बताउनुभयो। चार सय ५० घरधुरी रहेको यस वडामा दुई हजार पाँच सयको हाराहारीमा जनसङ्ख्या रहेको उहाँले जानकारी दिनुभयो।रासस

# नेकपा एसको स्थायी कमिटिको बैठक जारी




**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को स्थायी कमिटी बैठक आइतबार पनि जारी रहने भएको छ।

पार्टीको केन्द्रीय कार्यालयमा शनिबारदेखि सुरूभएको बैठकमा नेताहरूले बोल्नेक्रम बाँकी रहेकाले आइतबार बस्नेगरी स्थगित गरिएको पार्टीका उपमहासचिव एवम् केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिएका छन्।

शनिबारको बैठकमा पार्टी अध्यक्ष माधवकुमार नेपालले समसामयिक राजनीतिक अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिलगायत विषयमाथि आफ्नो धारणा राखेको र महासचिव घनश्याम भुसालले आसन्न महाधिवेशनका तयारीसहितका एजेण्डाबारे जानकारी गराएको पनि उपमहासचिव खतिवडाले जानकारी दिएका थिए।


यस्तै, बैठकमा स्थायी कमिटी सदस्यहरू साध्यबहादुर भण्डारी, श्रीप्रसाद साह, राजेन्द्र राई र माधव पौडेलले आफ्ना कुरा राख्नुभएको थियो भने बाँकी नेताहरूले आइतबारको बैठकमा बोल्नेछ। स्थायी कमिटी बैठक सकिएलगत्तै आइतबार साँझ पोलिटब्यूरो बैठक समेत बोलाइएको पोलिटब्यूरो सदस्य दिलु पन्तले जानकारी दिए। सो बैठकले केन्द्रीय कमिटीको बैठकमा छलफल गरिने कार्यसूची अनुमोदन गर्ने जनाइएको छ।

# नोटमा नक्सा समावेस गर्दा अरु देशलाई चिन्ता नहुनुपर्ने ओलीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली नोटमा नक्सा राख्ने विषयमा विभिन्न टिकाटिप्पणी हुन थालेपछि नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेपालको नयाँ नक्सा नोटमा समावेश गर्दा अरु देशलाई चिन्ता लिनु नपर्ने भनि टिप्पणी गरेका छन्।

नेपाल बुद्धिजीवी परिषद्को राष्ट्रिय परिषद् भेलाको शनिबार शुभारम्भ गर्दै ओलीले नेपालको संसद्ले पारित गरेको राजनीतिक नक्सा, नेपाल सरकारको निर्णय र नेपालकै लगानीमा मुद्रामा छापिँदा अरुले टाउको किन दुखाउनुपर्ने भनी प्रश्न तेर्साएका थिए। उनले देशभक्ति र स्वाधीनताका लागि बुद्धिजीवीहरुको महत्वपूर्ण भूमिका रहनेमा जोड दिएका थिए।



भेलालाई एमाले नेताहरू भानुभक्त ढकाल, रघुजी पन्त, विद्या भट्टराईलगायतले सम्बोधन गर्दै शुभकामना दिए। दुई सञ्चालन हुने भेलामा देशभरका बुद्धिजीवीहरुको सहभागिता रहेको परिषद्का महासचिव गजेन्द्र थपलियाले जानकारी दिए।

# जनताले परिवर्तनको महसुस गर्न सकेनन्: नेता सिटौला



**काठमाण्डु** । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले संविधान जारी भएको लामो समय बितिसक्दा पनि जनताले परिवर्तनको महसुस गर्न नसकेको बताउनुभएको छ।

नेपाली कांग्रेस झापा-काठमाडौं सम्पर्क समितिको तेस्रो अधिवेशनको आज उद्घाटन गर्दै उहाँले नयाँ संविधान जारी भएपछि मुलुकको परिवर्तनसँगै जनताले परिवर्तनको महसुस गर्न नसकेको बताउनुभएको हो। "संविधान जारी भएपछि जनतामा जुन परिवर्तन हुनुपर्ने हो त्यो हुन सकेको छैन," उहाँले भन्नुभयो।

नेता सिटौलाले संविधानमा देखिएका कमी-कमजोरीलाई सच्याउँदै अघि बढ्नुपर्ने बताउनुभयो। "पछिल्लो समय प्रचण्ड नेतृत्वको तीनवटा फरक-फरक सरकार बनेका कारण त्यसको असर प्रदेशमा देखिएको छ", नेता सिटौलाले भन्नुभयो। पार्टीका पूर्व महामन्त्री सिटौलाले जनताको हितमा एजेण्डा तयार गर्दै उक्त एजेण्डामाथि समग्र पार्टी पङ्क्ति एक भएर जनतामाझ जानुपर्ने बेला आएको उल्लेख गर्नुभयो।

कांग्रेस केन्द्रीय सदस्य एवम् प्रतिनिधीसभा सदस्य सरिता प्रसाईंले जनताका पक्षमा उठाएका विषयमा सरकार गम्भीर नहुँदा कांग्रेसले संसद अवरोध गर्नुपरेको बताउनुभयो।

संसदमा सभामुखले निष्पक्ष भूमिका निर्वाह गर्न नसकेको उहाँको भनाई थियो।

सम्पर्क समितिका सभापति दीपक उप्रेती, कांग्रेस नेता एवम् कोशी प्रदेशका पूर्व मुख्यमन्त्री उद्धव थापा, झापा कांग्रेसका सभापति देउमान थेवेलगायतले वर्तमान परिस्थितीसँग जुध्नका लागि पार्टी एकतावद्ध भएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभएको थियो।

झापा-काठमाडौं सम्पर्क समितिको सभापतिमा जोशी

नेपाली कांग्रेस झापा-काठमाडौं सम्पर्क समितिको सभापतिमा नवीन जोशी निर्वाचित हुनुभएको छ।समितिको शनिबार सम्पन्न तेस्रो अधिवेशनबाट जोशीको नेतृत्वमा २४ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित भएको हो।

समितिको उपसभापतिमा लक्ष्मी ओली, निरज सिटौला र उमा श्रेष्ठ, महासचिवमा तुलसा पन्त, प्रवक्तामा सागर घिमिरे, सचिवमा सञ्जय ढकाल र कोषाध्यक्षमा यशोधा कार्की निर्वाचित हुनुभएको छ।कुल २९ सदस्यीय कार्यसमिति रहेको सम्पर्कमा पाँच सदस्यभने सभापतिले मनोनित गरिने बताइएको छ।रासस

# संघीय शिक्षा ऐन जरुरी: मन्त्री चौधरी

**काठमाण्डु** । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले शिक्षा क्षेत्रका तमाम समस्याको समाधान गर्न सङ्घीय शिक्षा ऐन तत्काल आउन आवश्यक रहेको बताउनुभएको छ। तीनकुनेस्थित एप्पल इन्टरनेशनल स्कुलले शनिबार आयोजना गरेको वार्षिकोत्सव तथा पुरस्कार वितरण समारोह गर्दै मन्त्री चौधरीले त्यस्तो बताउनुभएको हो।विद्यालय शिक्षण सिकाइको मन्दिर भएको भन्दै मन्त्री चौधरीले बालबालिका केन्द्रित शिक्षण सिकाइ अपनाउन आग्रह गर्नुभयो। संविधानले शिक्षा क्षेत्र स्थानीयलाई दिएको भन्दै उहाँले अबको शिक्षण सिकाइ बालबालिकामैत्री हुनुपर्ने बताउनुभयो।

"संविधानमा शिक्षालाई स्थानीय तहमा दिइएको छ। केही कुराहरू स्थानीय तहअनुसार फरक-फरक व्यवस्था गर्न पाउने व्यवस्था छ", उहाँले भन्नुभयो, "राज्यको संरचनाअनुसार तीनै तहमा शिक्षाका केही विषय एकखालको हुनुपर्छ। पाठ्यक्रम पनि जीवनोपयोगी, अहिलेको प्रविधिअनुसार हुनुपर्छ। विद्यालय, माध्यमिक विद्यालय स्थानीय तहमै हुने भएकाले केही अधिकार स्थानीय तहमै गएको छ। बालबालिका केन्द्रित शिक्षण सिकाइ हुन आवश्यक छ।"

शिक्षण सिकाइ अहिलेको समयसापेक्ष र बालबालिका केन्द्रित बनाउन विद्यालय, परिवार, राज्य सबैको भूमिका रहने उहाँले बताउनुभयो। "शिक्षण सिकाइ बालबालिका केन्द्रित हुनुपर्छ। पाठ्यक्रम त्यसअनुसार बनाउनुपर्छ। त्यसपछि मात्रै बच्चाले राम्रोसँग सिक्न सक्छ। अब हामीले जीवनोपयोगी शिक्षा पनि समावेश गर्न आवश्यक छ", उहाँले भन्नुभयो, "हरेक अभिभावकले शिक्षा र स्वास्थ्य दिन चाहन्छ।




चाहे जस्तोसुकै आर्थिक अवस्थाको अभिभावक होस् तर उसले आफ्नो बच्चाको शिक्षा र स्वास्थ्य जसरी हुन्छ राम्रै दिन चाहन्छ। त्यसैले हामी सबैले कसरी हुन्छ बालबालिकालाई राम्रो शिक्षा दिन आवश्यक छ।'

सरकारी विद्यालयको स्तर खस्किएको सन्दर्भमा अहिले धेरै गुनासो आएको भन्दै उहाँले विद्यालयमा राजनीतिकरण भएका कारण समस्या उत्पन्न भएको हुनसक्ने बताउनुभयो। "सरकारी विद्यालयको स्तर खस्किएको छ। शिक्षामन्त्रीले विद्यालयमा राजनीतिकरण भएका कारण समस्या भएको भन्नुभएको छ। अलिकति राजनीतिकरण बढी भएर त्यस्तो समस्या भएको पनि हुनसक्छ। सरकारी स्कुलमा केही न केही बेथिति छन्। त्यसलाई हामी सबैले सच्याउनुपर्छ।"

बच्चालाई राम्रो शिक्षा दिलाउनका निम्ति शिक्षक, विद्यालय र परिवार सबैको महत्त्वपूर्ण भूमिका रहने भन्दै उहाँले बच्चालाई सिकाउने पहिलो विद्यालय आफ्नै घर भएकाले घरमा पनि विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

मन्त्री चौधरीले भन्नुभयो, "तपाईंको बच्चा बन्न स्कुल परिवार पनि जिम्मेवार हुन्छ सँगै अभिभावकको पनि उत्तिकै जिम्मेवारी हुन्छ। यी दुवै कुरामा तालमेल नमिलेमा बच्चाको पढाइ राम्रो हुँदैन।" विदेशमा आफ्नो बालबालिकालाई सुरक्षित राख्नका निम्ति 'ट्र्याकिङ सिस्टम' प्रयोग गर्ने गरेको भन्दै उहाँले बालबालिकाहरूलाई त्यसरी सुरक्षित राख्न सकेमा धेरै राम्रो हुने बताउनुभयो।

विभिन्न पक्षबाट अन्यायमा परेका, हिंसामा परेका, विभिन्न अपराधजन्य कार्यमा संलग्न भएर तथा परिबन्धमा परेका बालबालिकाको न्याय निरूपणका निम्ति छुट्टै बाल अदालतको आवश्यकता रहेको मन्त्री चौधरीले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले बच्चा पनि विभिन्न माध्यमबाट प्रताडित छन्। ती सबै बालबालिकाको संरक्षण गर्दै अगाडि बढ्नुपर्ने छ। हाम्रो मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय बालअधिकार परिषद्ले यस क्षेत्रमा काम गर्दै आएको छ।"

भोलिका दिनमा देश बनाउने अहिलेका बालबालिका भएको भन्दै मन्त्री चौधरीले अहिले संसद्मा शिक्षासँग सम्बन्धित विभिन्न विधेयकमा छलफल भइरहेको बताउनुभयो।

विद्यालयका प्रिन्सिपल यमनाथ मैनालीले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो।

त्यस अवसरमा शिक्षा क्षेत्रमा योगदान दिने विभिन्न व्यक्ति तथा शिक्षकलाई सम्मान गरिएको थियो।रासस

# सदनको गत्यावरोध फुकाउन छलफल

**टुडे समाचारदाता**

काठमाण्डु। प्रतिनिधसभामा उत्पन्न गत्यावरोध फुकाउन प्रमुख राजनीतिक दलका नेताहरूले आन्तरिक तथा अनौपचारिक छलफललाई जारी राखेका छन्।

समस्याग्रस्त सहकारीको रकम अपचलनबारे संसदीय छानबिन समिति गठनका विषयमा सत्तापक्ष र प्रतिपक्षबीच सहमति नहुँदा सङ्घीय संसद्को बर्खे अधिवेशनको पहिलो दिन शुक्रबार दुवै सदनमा कार्यसूची प्रभावित भएका थिए। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शनिबार सत्तारुढ नेकपा (एमाले)लगायत दलका नेतासँग सहमतिको उपायबारे अनौपचारिक संवाद गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

यही विषयमा शनिबार नेपाली कांग्रेसको पदाधिकारी बैठक भएको छ। सो दलको शुक्रबारको संसदीय दलको बैठकले सहकारीको रकम अपचलन सम्बन्धमा उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेकोसमेत संलग्नताको आरोप लगाउँदै आएकोबारे निष्पक्ष र स्वतन्त्र छानबिन गर्ने संसदीय समिति गठन गर्नुपर्ने माग पुनःअघि सारेको थियो।

सरकारको नेतृत्वकर्ता नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डेले राससँग कुरा गर्दै अहिलेसम्म सहमतिका लागि ठोस प्रगति नभए पनि अब सदनको बैठक बस्ने दिनसम्म सरकारले सहमतिका लागि कुनै न कुनै उपाय निकाल्ने आशा व्यक्त गरे। नेकपा (एमाले) का प्रमुख सचेतक महेश बर्तौलाले पनि शीर्ष तहबाट छलफल भई निकास निस्कने आशा व्यक्त गरे।

संसदीय समिति गठन गर्न सत्तापक्ष तयार नभएसम्म सदनका बैठक चल्न नदिने अडान राखेपछि पहिलो दिनका बैठकका दुवै सदनका कार्यसूची प्रभावित भएका थिए। आगामी जेठ १ गते मङ्गलबार दिउँसो ३ बजे सङ्घीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलको सम्बोधनबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम तय भइसकेको छ। प्रतिनिधिसभाको अर्को बैठक आगामी जेठ १ गते साँझ ६ बजे र राष्ट्रियसभाको अर्को बैठक जेठ १ गते साँझ ५:३० बजे राखिएको छ।

# संयुक्त राष्ट्रसङ्घद्वारा प्रतीकात्मकरूपमा प्यालेस्टिनी सदस्यताको पक्षमा मतदान

एएफपी



संयुक्त राष्ट्रसङ्घ ।संयुक्त राष्ट्रसङ्घीय महासभाले शुक्रबार प्यालेस्टिनीहरूलाई विश्वव्यापी निकायमा थप अधिकार प्रदान गर्न भारी मतदान गरी पूर्ण सदस्यताका लागि उनीहरूको अभियानलाई समर्थन गरेको छ । उक्त अभियानलाई संयुक्त राज्य अमेरिकाले अवरुद्ध गरेको छ ।राष्ट्रसङ्घका लागि इजराइली राजदूत गिलाड एर्डानले ठूलो मात्रामा प्रतीकात्मक मतदानप्रति रुस्ट प्रतिक्रिया दिनुभयो ।

संयुक्त राष्ट्रका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले यो ऐतिहासिक प्रक्रिया भएको बताउनुभयो

गाजामा युद्ध बढ्दा प्यालेस्टिनीहरूले अप्रिलमा सन् २०११ मा राष्ट्रसङ्घको पूर्ण सदस्य बन्न गरेको अनुरोध पुनः सुरु गरे । उनीहरूको हालको अवस्था 'गैर-सदस्य पर्यवेक्षक राज्य' छ । यस पहललाई सफल बनाउन संयुक्त राष्ट्र सुरक्षा परिषद्को हरियो बत्ती र महासभामा दुई तिहाइ बहुमतको आवश्यकता थियो ।यद्यपि सुरक्षा परिषदमा भिटो प्राप्त पाँच सदस्यमध्ये एक र इजराइलको सबैभन्दा नजिकको सहयोगीका रूपमा रहेको अमेरिकाले अप्रिल १८ मा यसलाई अवरुद्ध गर्यो ।

शुक्रबारको मतदानअघि प्यालेस्टिनी राजदूत मन्सुरले यस मञ्चमा पहिले सयौं पटक उभिएको बताउँदै यस्तो महत्त्वपूर्ण मतका लागि कहिल्यै नउभिएकाले यो अवसर ऐतिहासिक भएको बताउनुभयो । "प्यालेस्टिनले स्वतन्त्र मुलुकहरूको समुदायमा आफ्नो उचित स्थान लिने दिन आउने छ", उहाँले भन्नुभयो । तर इजरायली राजदूत एर्डानले संयुक्त राष्ट्रको बडापत्रको दुरुपयोग भइरहेको बताउनुभयो । उहाँले नयाँ उदाहरणका साथ यहाँ आइएसआइएस वा बोको हरामका प्रतिनिधिहरू देख्न सकिने दुई जिहादी समूहलाई उल्लेख गर्नुभयो ।

उहाँले आतङ्कवादीहरूद्वारा पहिले नै आंशिकरूपमा नियन्त्रित रहेको संस्थालाई राज्यको अधिकार दिने र बाल-हत्या गर्ने हमास बलात्कारीहरूको शक्तिले प्रतिस्थापन गर्ने बताउनुभयो। संयुक्त राज्य अमेरिकाले प्यालेस्टिनी र इजराइलबीचको द्विपक्षीय सम्झौता बाहिर राज्यको कुनै पनि मान्यता र दक्षिणपन्थी सरकार दुई-राज्य समाधानको कडा विरोध गर्दछ ।

प्रस्ताव पारित भएपछि संयुक्त राष्ट्रका लागि अमेरिकी उप राजदूत रोबर्ट वुडले भन्नुभयो, "हाम्रो मतले प्यालेस्टिनी राज्यको विरोधलाई प्रतिबिम्बित गर्दैन, यो अमेरिकाको दृष्टिकोण हो, संयुक्त राष्ट्रमा र भूमिमा एकपक्षीय उपायले यस लक्ष्यलाई अगाडि बढाउँदैन ।

"प्रस्तावले सेप्टेम्बरमा हुने महासभाको अर्को सत्रमा प्यालेस्टिनीहरूलाई अतिरिक्त अधिकार तथा सुविधाहरू प्रदान गर्नेछ ।

> "संयुक्त राष्ट्रका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले यो ऐतिहासिक प्रक्रिया भएको बताउनुभयो गाजामा युद्ध बढ्दा प्यालेस्टिनीहरूले अप्रिलमा सन् २०११ मा राष्ट्रसंघको पूर्ण सदस्य बन्न गरेको अनुरोध पुनः सुरु गरे ।उनीहरूको हालको अवस्था "गैर-सदस्य पर्यवेक्षक राज्य" छ ।

# इराकद्वारा सन् २०२५ सम्ममा राष्ट्रसङ्घीय मिसन छाड्न आह्वान

एएफपी

संयुक्त राष्ट्रसङ्घ । इराक सरकारले संयुक्त राष्ट्रसङ्घलाई सन् २०२५ सम्ममा देशमा दशकौं लामो समयदेखि कायम रहेको राजनीतिक मिसन समाप्त गर्न आग्रह गरेको एएफपीले जनाएको छ । इराकले अब राष्ट्रसङ्घीय सेना आवश्यक नरहेको बताएको छ ।

सुरक्षा परिषद्मा पठाइएको दस्तावेजमा इराकी प्रधानमन्त्री मोहम्मद सिया अल-सुदानीले क्रमशः इराकी सरकारहरूद्वारा अनुरोधमा राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावद्वारा भएको थियो । यसलाई चार वर्षपछि विस्तार गरिएको थियो । यसलाई हरेक वर्ष नवीकरण गरिन्छ ।

मिसनले सरकारलाई राजनीतिक संवाद र मेलमिलापका साथै निर्वाचन र सुरक्षा क्षेत्रको सुधारमा सहयोग गर्ने सल्लाह पनि दिन्छ । वर्तमान जनादेश यस महिनाको अन्त्यमा समाप्त हुने भएकाले सुरक्षा परिषद्ले अर्को हप्ता मिसनको नवीकरणमा बहस




'सकारात्मक घटनाक्रम र उपलब्धिहरू' का साथै संयुक्त राष्ट्र मिसनको जनादेशको पूर्ति भएको बताउनुभयो सन् २००३ देखि अस्तित्वमा रहेको इराकका लागि संयुक्त राष्ट्र सहायता मिसन (युएनएएमआई) ले विविध चुनौती पार गरेको र अब इराकमा राजनीतिक मिसन हुने आधारहरू विद्यमान नरहेको बताउनुभयो

सन् २०२५ डिसेम्बर ३१ को अन्तिम मितिका लागि आह्वान गर्दै अल-सुदानीले यस बीचमा मिसनले 'आर्थिक सुधार, सेवा प्रावधान, दिगो विकास, जलवायु परिवर्तन र अन्य विकास क्षेत्रहरू' सम्बन्धी मुद्दाहरूमा मात्र ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो । युएनएएमआईको स्थापना सन् २००३ मा इराकी सरकारको गर्नेछ । सन् २०२३ मेमा मिसनको अन्तिम नवीकरणका क्रममा सुरक्षा परिषद्ले महासचिवलाई रणनीतिक समीक्षा सुरु गर्न आग्रह गरेको थियो । यसको निरीक्षण जर्मन कूटनीतिज्ञ भोल्कर पर्थेसले गर्नुभएको थियो ।

मार्चमा जारी रिपोर्टमा पर्थेसले जनादेशको अन्त्य उचित हुन सक्ने सङ्केत गर्नुभयो । मिसनको समापनका लागि सरकारले पहिचान गरेको दुई वर्षको अवधि थप प्रगति गर्न पर्याप्त समय सीमा हुने उहाँको निष्कर्ष छ ।उहाँले यस अवधिले अनिच्छुक इराकीहरूलाई विश्वास दिलाउन पर्याप्त समय प्रदान गर्ने भएकाले लोकतान्त्रिक लाभसहितको शान्ति र सुरक्षालाई संरक्षण गर्ने बताउनुभयो ।

# दुई खेलाडी एन्फा एकेडेमीमा छनोट




दमक । झापाको शिवसताक्षी नगरपालिकाका दुई खेलाडी अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले आयोजना गर्ने यु-१३ फुटबलका लागि छनोट भएका छन् ।

छनोट हुनेमा शिवसताक्षी-७ का आयुश भट्टराई र शिवसताक्षी-१० का रुप्लीहाङ लिङ्देन रहेका छन् ।

शिवसताक्षी नगर खेलकुद विकास समितिका अध्यक्ष सुरज रिगालुङ्गका अनुसार शिवसताक्षी नगरबाट पाँच खेलाडी जिल्ला, प्रदेशहुँदै छनोट भएका हुन् । उनीहरुलाई एन्फा एकेडेमीमा फुटबल प्रशिक्षणसहित पढ्ने व्यवस्था गरिएको छ ।

एन्फाले ग्रामीण र स्थानीय स्तरबाट खेलाडी पहिचान गरी राष्ट्रियस्तरको खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ छनोट प्रतियोगितामार्फत खेलाडी छान्दै आएको छ । छनोट प्रतियोगितामा शिवसताक्षीका ६२ युवा खेलाडी सहभागी भएका थिए । "बाह्र खेलाडी जिल्लाका लागि छनोट भएकामा पछि जिल्लाबाट प्रदेशमा ६ जना छनोट भएका थिए, अन्तिममा दुई खेलाडी छनोट हुन सफल भएका छन्", शिवसताक्षी नगर खेलकुद विकास समितिका अध्यक्ष रिगालुङ्गले भन्नुभयो । राष्ट्रिय फुटबल टोलीबाट खेलेका अनन्त तामाङ्ग, सन्दिप राई, सन्तोष नेपाली, ईश्वर कार्कीलगायतले खेलिसकेका छन् । उनीहरु शिवसताक्षी नगरपालिकाका बासिन्दा हुन् ।रासस

# 'प्रथम कर्णाली हाफ म्याराथन'को उपाधि रावत र भण्डारीलाई

कर्णाली । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा शनिबार सम्पन्न 'प्रथम ज्ञान कर्णाली हाफ म्याराथन'को उपाधि नरेन्द्रसिंह रावत र पुष्पा भण्डारीले हासिल गर्नुभएको छ ।




रावतले एक घण्टा ११ मिनेट २५ सेकेन्ड र भण्डारीले एक घण्टा २८ मिनेट १७ सेकेन्ड २१ किलोमिटर दूरी पार गर्नुभएको हो । पुरुषतर्फ दोस्रो हुने रामजी बस्नेतले एक घण्टा ११ मिनेट ४८ र तेस्रो हुने श्रीकेश राईले एक घण्टा १३ मिनेट २३ सेकेन्डमा उक्त दूरी पार गर्नुभएको हो ।

त्यस्तै, महिलातर्फ हुने दोस्रो सिर्जना पाण्डेले एक घण्टा ३२ मिनेट ४३ सेकेन्ड र तेस्रो हुने राज्यलक्ष्मी रावलले एक घण्टा ३६ सेकेन्ड ४० मिनेटमा सो दूरी पार गर्नुभएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने महिला तथा पुरुष खेलाडीहरुलाई क्रमशः रु ५५, ३० र २० हजार पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको छ ।

पुरुष सबै नेपाली सेना रहेका छन् । महिलातर्फ भण्डारी सशस्त्र प्रहरी, पाण्डे नेपाली सेना र रावल जुम्लाका रहेका छन् ।

विजयी पुरुष तथा महिला खेलाडीलाई कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले पुरस्कारसहित ट्रफी प्रदान गर्नुभएको थियो ।पाँच किलोमिटर छात्रतर्फ प्रथम अजय विश्वकर्मा, द्वितीय नवराज बानियाँ तृतीय रमेश बुढा र छात्रातर्फ प्रथम विमला कार्की, दोस्रो पूर्णिमा बुढाथोकी, लक्ष्मी शाही तृतीय हुनुभएको थियो । प्रथम, द्वितीय र तृतीय हुन सफल छात्र तथा छात्रालाई क्रमशः रु १०, सात र पाँच हजार नगद तथा प्रमाणपत्र प्रदान गरिएको छ ।

त्यस्तै, शनिबारै सम्पन्न हाफ म्याराथन प्रतियोगितामा ४५ वर्षमाथिका खेलाडीमा प्रथम काठमाडौंका धर्म महर्जन, द्वितीय रेवत दाहाल र तृतीय गङ्गबहादुर पुनमगर हुनुभएको छ ।

उहाँहरुलाई क्रमशः रु १५, १० र पाँच हजार पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको 'प्रथम कर्णाली हाफ म्याराथन'का संयोजक देवकुमार सुवेदीले जानकारी दिनुभयो ।

सो म्याराथनको व्यवस्थापन क्रियटिभ गञ्ज मिडिया एन्ड इभेन्ट म्यानेजमेन्टले गरेको थियो । कर्णालीको दौड संस्कृतिको विकाससँगै पर्यटन प्रवर्द्धन गर्न तथा यहाँका स्थापित धावकलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको उक्त प्रतियोगितामा एक हजार बढीले भाग लिएको आयोजकले जनाएको छ ।रासस

# अफगानिस्तानमा बाढीका कारण २०० भन्दा बढीको मृत्यु : राष्ट्रसंघ

एएफपी

अफगानिस्तान ।अफगानिस्तानका धेरै प्रान्तमा आएको आकस्मिक बाढीमा दुई सयभन्दा बढी मानिसको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले शनिबार बताएको छ । अधिकारीहरूले आपत्कालीन अवस्था घोषणा गरी घाइतेहरूलाई बचाउन प्रयास गरिरहेका छन् ।शुक्रबारको भारी वर्षाले धेरै प्रान्तका गाउँ तथा कृषिभूमिमा पानी र लेदोको नदी बग्दा उत्तरी बघलान सबैभन्दा बढी प्रभावित भएको थियो ।



बघलानमा मात्रै दुई सय भन्दा बढी मानिसको मृत्यु भएको र हजारौं घर क्षतिग्रस्त भएको संयुक्त राष्ट्रसङ्घको आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) ले एएफपीलाई बताएको छ ।आइओएमको आपत्कालीन प्रतिक्रियाको नेतृत्व गर्ने राष्ट्रिय कार्यक्रमका अधिकारी मोहम्मद फहिम सफीले सरकारी तथ्याङ्क उद्धृत गर्दै बघलानी जादिद जिल्लामा एक हजार पाँच सय घर क्षतिग्रस्त वा नष्ट भएको र 'एक सयभन्दा बढी मानिसको मृत्यु भएको' बताउनुभयो ।

तालिबान सरकारका अधिकारीहरूले शुक्रबार रातिसम्म ६२ जनाको मृत्यु भएको बताएका थिए । सयौं नागरिकले विनाशकारी बाढीमा परी मृयु वरण गरेको सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले शनिबार एक्समा पोस्ट गरिएको विज्ञप्तिमा जनाउनुभएको छ । उहाँले मृतक र घाइतेको संख्यामा भिन्नता नदेखाई एएफपीलाई दर्जनौं मारिएको बताउनुभयो ।

शुक्रबारको वर्षाले उत्तरपूर्वी बदख्सान प्रान्त, मध्य घोर प्रान्त र पश्चिमी हेरातमा पनि ठूलो क्षति पुर्याएको अधिकारीहरूले बताए । रक्षा मन्त्रालयका अनुसार आपत्कालीन कर्मचारीहरू घाइते र फसेका मानिसहरूलाई बचाउन हतारिएका छन् ।

मानवीय हताहतका अतिरिक्त, बाढीले ठूलो आर्थिक क्षति पनि पुर्याएको छ ।

उत्तरी तखर प्रान्तको प्राकृतिक प्रकोप व्यवस्थापन विभागका प्रमुख अहमद सेयर साजिदले बाढीमा २० जनाको मृत्यु भएको अनुमान गर्नुभएको छ । रक्षा मन्त्रालयले धेरै शाखाहरूलाई सबै उपलब्ध स्रोतहरूका साथ यस घटनाबाट पीडितहरूलाई कुनै पनि प्रकारको सहायता प्रदान गर्न आदेश दिएको छ ।

वायु सेनाले शनिबार मौसम सफा भएपछि निकासी अभियान सुरु गरेको र सयभन्दा बढी घाइतेहरूलाई अस्पतालमा सारिएको बताएको छ । बाढी प्रभावित क्षेत्रहरूमा आपत्कालीन अवस्था घोषणा गरेर राष्ट्रिय रक्षा मन्त्रालयले प्रभावित मानिसहरूलाई खाना, औषधि र प्राथमिक उपचार वितरण गर्न थालेको छ । सामाजिक सञ्जालमा शुक्रबार देखिएको भिडियो फुटेजमा सेतो र कालो कपडाले ढाकिएका शवहरू र सडकहरूमा माटो र पानीको दलदलको देखाइएको छ ।

एउटा भिडियो क्लिपमा बच्चाहरू रोइरहेका सुनिन्छन् र मानिसको समूहले बाढीको पानी हेरिरहेका छन्, जसमा घरहरूबाट भाँचिएको काठ र भग्नावशेषको टुक्रा देख्न सकिन्छ।अधिकारीहरूका अनुसार अप्रिलको मध्यदेखि आकस्मिकरूपमा आएको बाढी र अन्य बाढीले अफगानिस्तानका दश वटा प्रान्तमा लगभग एक सय जनाको ज्यान लिएको थियो ।करिब चार करोडभन्दा बढी जनसंख्यामध्ये ८० प्रतिशत बाँच्नका लागि कृषिमा निर्भर रहेको देशमा कृषिभूमि बाढीले दलदल बनेको छ ।

# चाडका ६० लाख मानिसका लागि खाद्यान्न सहयोग आवश्यक : राष्ट्रसंघ

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ ।छिमेकी सुडानबाट पाँच लाख शरणार्थीको आतिथ्यता गरेको चाडलाई आफ्ना एक करोड ८० लाख जसंख्यामध्ये एक तिहाइका लागि खाद्य सुरक्षा तथा पोषण सहायता आवश्यक रहेको संयुक्त राष्ट्रसङ्घीय मानवतावादीहरूले बताएका छन् । मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएच) ले जलवायु परिवर्तन, असुरक्षा र खाद्यान्न तथा इन्धनको मूल्यवृद्धिबाट देशभरको अवस्था बिग्रिएको जनाएको छ ।



मार्चदेखि चाडले दक्षिणमा मुसलधारे वर्षा र बाढीको सामना गरिरहेको छ । शरणार्थीहरूले देशको पूर्वमा मानवीय अवस्थालाई उल्लेखनीय रूपमा असन्तुलित बनाएका छन् भने चाडमा गैर-राज्य सशस्त्र समूहको आक्रमणले थप विस्थापन निम्त्याइरहेको छ । राष्ट्रसङ्घको प्रतिवेदनअनुसार २४ लाख मानिस खाद्य असुरक्षामा छन् । तीमध्ये तीन लाख मानिस गम्भीर खाद्य असुरक्षामा छन् । प्रभावकारीरूपमा कुनै ठोस सहायता प्रदान गर्न नसकिए यो सङ्ख्या असहज मौसममा ३३ लाख हुन सक्छ ।

एक अर्ब १० करोड अमेरिकी डलरको चाड मानवतावादी आवश्यकताहरू तथा २०२४ का लागि प्रतिक्रिया योजना छ दशमलव छ प्रतिशत वित्तपोषित रहेको बताइएको छ । यसमा करिब सात करोड ४० लाख डलर प्राप्त भयो ।संयुक्त राष्ट्रसङ्घको आपतकालीन राहत संयोजक मार्टिन ग्रिफिथ्सले फेब्रुअरीमा विश्व निकायको केन्द्रीय आपत्कालीन प्रतिक्रिया कोषबाट एक करोड ५० लाख अमेरिकी डलर कोष उपलब्ध गराएको जानकारी दिनुभयो ।

# हमासको सशस्त्र शाखाद्वारा गाजामा बन्धक बनाइएको भिडियो सार्वजनिक

एएफपी

गाजा क्षेत्र ।हमासको सशस्त्र शाखा एजेदिन अल-कसम ब्रिगेडले शनिबार हमास लडाकूद्वारा बन्धक बनाइएका एक व्यक्तिको भिडियो जारी गरेको छ । फुटेजमा उनी जीवित रहेको देखिएको छ । एघार सेकेन्डको क्लिपमा ती व्यक्तिलाई बोलिरहेको देखाइएको छ । यसमा अरबी र हिब्रू भाषामा 'समय समाप्त हुँदैछ, तपाईंको सरकारले झुटो बोलिरहेको छ' लेखिएको छ ।

समूहको टेलिग्राम च्यानलमा पोस्ट गरिएको भिडियोमा बन्धकले दबाबमा बोल्दै गरेको देखाइएको छ । यो गाजामा बन्दी बनाएको एक महिनाभन्दा कम समयमा जारी गरिएको तेस्रो फुटेज थियो । अप्रिल २७ मा समूहले जारी गरेको एउटा भिडियोमा दुई बन्धक किथ सिगल र ओमरी मिरानलाई जीवित देखाइएको थियो । यसको तीन दिनअघि समूहले अर्को प्रसारण गरेको भिडियोमा बन्धक हर्श गोल्डबर्ग-पोलिनलाई जीवित देखाइएको थियो ।

अक्टोबर ७ मा हमास लडाकू समूहले दक्षिणी इजराइलमा हमला गरेर गाजा क्षेत्रबाट करिब दुई सय ५० मानिसलाई बन्धक बनाएको थियो ।

# कम्बोडियाद्वारा 'ई-चुरोट'को सेवनबाट स्वास्थ्य खतराबारे चेतावनी

सिन्ह्वा

नोमपेन्ह । कम्बोडियाको स्वास्थ्य मन्त्रालयले शनिबार मानिसहरूलाई विशेषगरी युवाहरूलाई 'ई-चुरोट' सेवन नगर्न आह्वान गरेको छ ।

यसमा निकोटिनको उच्चस्तर हुन्छ जसले प्रयोगकर्ताहरूको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ ।ई-चुरोट वा भ्याप ब्याट्री-सञ्चालित यन्त्र हो । मन्त्रालयको विज्ञप्तिअनुसार यसले प्रयोगकर्ताहरूले श्वास लिने एरोसोलमा विशेष तरल पदार्थलाई तताउँछ ।

ई-चुरोटमा ठूलो मात्रामा निकोटिन हुन्छ र एक अत्यधिक लत लगाउने पदार्थ पनि हो । विज्ञप्तिमा ई-चुरोट सेवन गर्नेहरूले फोक्सोको रोग, फोक्सोको क्यान्सर, हृदय रोग र मस्तिष्कको विकासमा क्षतिको उच्च जोखिम सामना गर्न सक्ने उल्लेख छ । गर्भवतीहरूका लागि ई-चुरोट भेपरले गर्भमा रहेको बच्चाको विकासलाई असर गर्छ । लागुऔषध विरुद्धको राष्ट्रिय प्राधिकरणले सन् २०१४ देखि ई-चुरोट र सिसाको आयात, व्यापार र प्रयोगमा प्रतिबन्ध लगाएको छ । तर केही अवसरवादीहरूले अझै पनि यी उत्पादनहरू बिक्री गर्ने गरेका छन् ।

वास्तवमा ई-चुरोट चुरोटको लत छाड्ने यन्त्र होइन । यसले प्रयोगकर्ताको स्वास्थ्य, उनीहरूको परिवार र समाजमा साँच्चै खतराहरू निम्त्याएको छ ।स्वास्थ्य मन्त्रालयले ई-चुरोटको आयात, व्यापार र प्रयोगलाई नियन्त्रण गर्न र ई-चुरोट सेवनबाट स्वास्थ्यमा पार्ने असरबारे जनचेतना जगाउन सबै तहका सम्बन्धित अधिकारीहरूलाई आग्रह गरेको छ । यस मुलुकमा विशेषगरी युवाहरूमा ई-चुरोटको प्रयोग बढेपछि मन्त्रालयबाट उक्त चेतावनी आएको हो ।

# निःशुल्क सीप मेलामा युवा आकर्षित



**काठमाण्डु** । काठमाडौं महानगरपालिकाद्वारा टुँडिखेलमा सञ्चालित निःशुल्क सीप मेलामा बेरोजगार युवाको आकर्षण देखिएको छ। सीप सिकेर रोजगार हुने उद्देश्यले सयौंको संख्यामा बेरोजगार युवा सीप सिक्न दैनिक आइरहेका छन् । यहाँ सीप सिक्न धेरै जिल्लाका युवाले फाराम भरेको आयोजकले जनाएको छ।

'रोजगारी र आय वृद्धि, काठमाडौंको समृद्धि' भन्ने नाराका साथ काठमाडौं महानगरपालिकाले यही वैशाख १९ गतेदेखि सीप मेलाको आयोजना गरेको थियो । एक महिनामा दुई हजार ८१ जनालाई निःशुल्क तालिम दिने लक्ष्यसहित सीप मेला आयोजना गरिएको हो । सीप सिक्न सयौं बेरोजगार युवा दैनिक आउन थालेपछि अहिले टुँडिखेल भरी भराउ हुने गरेको छ। फुर्सदको समय कटाउने थलोका रुपमा रहेको टुँडिखेललाई सीप मेलाले सिकाइको केन्द्रमा परिणत गरेको सीप सिक्न आउनुभएका दोलखाका प्रजय गोलेले बताउनुभयो । उहाँले भन्नुभयो, "सीप मेला सुरु भएपछि अहिले यहाँको रौनक फेरिएको छ, मैले पनि कम्प्युटर हार्डवेयर र नेटवर्किङ सिक्दै छु।"

एक महिनासम्म सञ्चालन हुने सीप मेलामा सिकर्मी, प्लम्बिङ र प्राविधिकलगायत १० क्षेत्रमा ३० प्रकारकासीपनिःशुल्कसिकाइरहेको काठमाडौं महानगरपालिकाका सहरी योजना सदस्य एवं सीप मेला निर्देशक समिति सदस्य शैलेन्द्र झाले बताउनुभयो। "सीप मेलामा हामीले सूचना प्रविधिको क्षेत्रमा डिजिटल मार्केटिङ, कम्प्युटर हार्डवेयर र नेटवर्किङ, ग्राफिक डिजाइन र सिसीटिभी क्यामेराबारे सिकाउन थालेका छौं", उहाँले भन्नुभयो, "हस्पिटालिटी क्षेत्रमा पाक कला, बेकरी, बरिस्टा, बार्टेन्डिङ, वेट्रेसिङ सिकाउँदै छौं।"

मेलामा अटो मोबाइल्स क्षेत्रमा विद्युतीय कार मर्मत, विद्युतीय मोटरसाइकल र स्कुटर मर्मत, विद्युतीय अटो, अटो एअर कन्डिसन मर्मतको सीप सिकाउने गरिएको छ । त्यसैगरी, कला र संस्कृति क्षेत्रमा कला र स्कल्प्चरको तालिम दिइनुका साथै निर्माण क्षेत्रमा सिकर्मी, इलेक्ट्रिसियन, टाइल, मार्बल फिटिङ र प्लम्बिङजस्ता व्यावहारिक सीप सिकाइएको झाले जानकारी दिनुभयो ।मेलामा सीप सिक्नका लागि यही वैशाख १५ गतेसम्म कूल छ हजार चार सयले फाराम भरेका थिए । अहिले पनि फाराम भर्नेको दिनहुँ भीड लागेको काठमाडौं महानगरपालिकाले जनाएको छ। महानगरद्वारा सञ्चालित रोजगार आयवृद्धि गौरवको आयोजना भएकाले सीप मेला भइरहने आयोजकले जनाएको छ।

सीप मेला निर्देशक समिति सदस्य झाका अनुसार टुँडिखेलमा सीप मेलामा अहिले गार्मेन्टतर्फ टेलरिङ, ड्रेसमेकिङ र फेसन डिजाइन, ब्युटिसियन अर्थात् शृङ्गार क्षेत्रमा मेकअप आर्ट, नेल आर्ट, आइलेस आर्ट, कपाल काट्ने तालिम स्टाइलिङ र सैलुनको सीप सिकाइँदैछ। त्यसैगरी, मेकानिकलतर्फ फ्रिज र एसी मर्मत तालिम, वेल्डिङ तालिम, डिजाइन क्षेत्रमा साइन मेकिङ र पुरोहित क्षेत्रमा पुरोहित अध्ययन तथा ज्योतिष शास्त्रको सीप सिकाइएको छ।

मेलाले सीप प्राप्त गर्न र नयाँ अवसर खोज्न अवसर दिएको निःशुल्क सीप सिकिरहनु भएका दार्चुलाका मणिराम धामीले बताउनुभयो । "कतिपय तालिमहरु हामीले पैसा तिरेर पनि पाउन सकेका थिएनौं, यहाँ आएर निःशुल्क रुपमा सिक्न पाएका छौं, हाम्रो लागि यो नै ठूलो कुरा हो, सीप सिकेर हामी रोजगार बन्ने छौं", उहाँले भन्नुभयो ।मेलामा सीप सिक्न आएकामध्ये अधिकांशले सोसल मिडिया मार्केटिङ, मोबाइल मर्मतलगायत प्राविधिक क्षेत्रमा चासो देखाएका छन् । तालिम पाएका सबैलाई स्वरोजगार वा ओजेटी (अन द जब ट्रेनिङ) सुनिश्चित गरिएको छ।

विदेशमा हस्पिटालिटी क्षेत्रमा राम्रो अवसर भएको र नेपालमा पनि राम्रा होटल, रेष्टुँरा, क्याफेमा पाक कलामा निपुणता भएकाको हस्पिटालिटी क्षेत्रमा माग बढी भएकाले होटल व्यवस्थापनका शिक्षक तथा सीप मेलाका बेकरी प्रशिक्षक निरञ्जन मानन्धरले जानकारी दिनुभयो । सीप मेलामा सीप सिक्न इच्छुक सबैले नागरिकताको प्रतिलिपिसँगै आवेदन फारम भर्नुपर्ने तथा त्यसपछि बिहान, दिउँसो र बेलुका आफ्नो समयअनुसार तालिम लिने समय छान्न सकिने व्यवस्था छ।

उच्च माग भएका क्षेत्रमा निःशुल्क तालिम उपलब्ध गराएर महानगरले नागरिकलाई रोजगार बजारमा प्रतिस्पर्धा गर्न आत्मविश्वास र योग्यता प्रदान गर्ने क्षमताको विकास गर्न थालेको काठमाडौं महानगरका प्रशिक्षण तथा मेला संयोजक देवेन्द्र केसीले बताउनुभयो । उहाँले भन्नुभयो, "निःशुल्क सीप तालिम प्रदान गरेर महानगरले बेरोजगारलाई रोजगारीको अवसर दिन र आर्थिक वृद्धिमा योगदान पुऱ्याउन सशक्त बनाउँदैछ, बेरोजगारका लागि यो राम्रो अवसर हो ।" चालु आर्थिक वर्षमा १५ हजारलाई सीपमूलक तालिम दिने र पाँच हजारलाई रोजगारी दिने महानगरपालिकाको लक्ष्य छ।रासस

# 'घरजग्गा खरिदबिक्री नहुँदा अर्थतन्त्र कमजोर'



**लेखनाथ** । नेपाल जग्गा तथा आवास विकास महासङ्घका केन्द्रीय अध्यक्ष भेषराज लोहनीले देशको अर्थतन्त्र कमजोर हुनुमा घरजग्गा कारोबारको प्रतिकूल अवस्था पनि एक भएको बताउनुभएको छ।

गण्डकी जग्गा तथा आवास विकास व्यवसायी सङ्घ पोखराको २०औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनको शनिबार पोखरामा उद्घाटन गर्दै अध्यक्ष लोहनीले वार्षिक रु १५ खर्ब बराबरको घरजग्गा कारोबार हुने गरेकामा कोरोना महामारी र आर्थिक मन्दीका कारण उक्त कारोबार घटेको बताउनुभयो । घरजग्गा व्यवसायीलाई व्यवस्थित

> गण्डकी जग्गा तथा आवास विकास व्यवसायी सघं पोखराको २०औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनको शनिबार पोखरामा उद्घाटन गर्दै अध्यक्ष लोहनीले वार्षिक रु १५ खर्ब बराबरको घरजग्गा कारोबार हुने गरेकामा कोरोना महामारी र आर्थिक मन्दीका कारण उक्त कारोबार घटेको बताउनुभयो ।

र मर्यादित बनाउन सरकारले घरजग्गा कारोबार नियमावली ल्याउन जरुरी भएको उहाँको भनाइ छ । "रियल स्टेट कम्पनीलाई व्यवस्थित गर्दै व्यवस्थित सहरको विकास गर्न नगर विकास योजना र रियल स्टेट कम्पनी सहकार्य गरेर अगाडि बढ्नुको विकल्प छैन", अध्यक्ष लोहनीले भन्नुभयो, "घरजग्गाको कारोबार रियल स्टेट कम्पनीले मात्र गर्न पाउनुपर्ने व्यवस्था सरकारले गर्नुपर्छ ।"

जग्गा व्यवसायी यदुनाथ अधिकारीले युवालाई विदेश जानबाट रोक्न स्वदेशमै सीपमूलक तथा विकास निर्माणमा लगाउनुपर्नेमा जोड दिनुभयो। घरजग्गा कारोबारलाई व्यवस्थित बनाउँदै एकीकृत रुपमा लगानी गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । पोखरालाई व्यवस्थित सहर बनाउन जग्गा व्यवसायीको एकीकृत लगानी आवश्यक भएको अधिकारीको भनाइ छ।

कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष राजेन्द्र ओझा, नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारी, गण्डकी जग्गा तथा आवास विकास व्यवसायी सङ्घ पोखराका अध्यक्ष अरुण त्रिपाठीलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# उर्वराशक्ति बढाउन प्राकृतिक खेती अभियान सुरु



**पर्वत** । रासायनिक मल र बढ्दो विषादीको प्रयोगले खेतबारीको उत्पादन शक्ति ह्रास हुँदै गएको छ । त्यसले गर्दा खेतबारीमा अन्नपात उत्पादनको दर घट्दै जान थालेको छ । यस्तो अवस्थामा पर्वतका केही ग्रामीण बस्तीमा प्राकृतिक खेती अभियान थालिएको छ । वातावरणलाई कम क्षति हुने र प्राकृतिक स्रोत साधनको अधिकतम प्रयोग गर्ने गरी प्राकृतिक खेती अभियान थालिएको हो ।

कृषकलाई जैविक पद्धतिबाटै कृषि बाली लगाउनेतर्फ आकर्षित गर्ने उद्देश्यले पहिलो पटक प्राकृतिक खेती अभियान थालिएको हो । प्राकृतिक खेतीका लागि पहिलो चरणमा जिल्लाका विभिन्न पालिकाका किसानलाई तालिम प्रदान गरेर खेती गर्न लगाएको छ । जिल्लामा सञ्चालित समाज कल्याण स्रोत विकास केन्द्रले गुड नेवर्स इनटरनेसनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन गरेको एकीकृत सामुदायिक विकास परियोजनाअन्तर्गत प्राकृतिक खेती अभियान थालिएको परियोजना अधिकृत रमेश रिजालले बताउनुभयो ।

परियोजनाले जिल्लाका मोदी गाउँपालिका-४ क्याङ्ग, फलेवास नगरपालिका-७ लिमिठाना र वडा नं ९ भङ्गराका गरी कूल दुई सय किसानलाई आवश्यक ज्ञान, सीप, औजार र बीउ प्रदान गरी प्राकृतिक खेती कार्यक्रम सञ्चालन गरिरहेको छ ।पहिलो चरणमा तीन वडाबाट सुरुआत गरिएको प्राकृतिक खेतीलाई जिल्लाभर विस्तार गरिने संस्थाले जनाएको छ। प्राकृतिक खेतीलाई कृषि विज्ञानमा आधारित खेती प्रणालीका रुपमा विकास गरिने छ। बाली, रूख र पशु धनलाई कार्यात्मक जौविक विविधतासँग एकीकृत गरी खेतीबाली लगाउनेतर्फ किसानलाई आकर्षित गरिने रिजालले बताउनुभयो।

प्राकृतिक खेती पद्धतिमा रसायनको प्रयोग नगरी प्राकृतिक सामग्रीको प्रयोग गरिने भएकाले माटोमा कुनै असर नगर्ने विज्ञहरुको सुझाव छ। सामग्री स्थानीय स्तरमा पाइने तथा आवश्यक सेवा बजारबाट खरिद नगरी किसान आफैंले उत्पादन गर्ने हुँदा उत्पादन लागत घट्ने भएको छ।

यस किसिमको खेती गर्नाले वातावरण मैत्री, उच्च प्रतिफल, कम लागत, उच्च गुणस्तर, अनुकूलन योग्य र किसान मैत्री रहने परियोजना अधिकृत रिजालले बताउनुभयो । यो प्रविधिले खेती गर्दा स्वास्थ्यलाई फाइदा हुनाका साथै जमिनको उर्वराशक्ति बढ्दै जाने भएकाले किसान प्राकृतिक खेती प्रणालीमा उत्प्रेरित बन्दै गएको मोदी वडा नं ४ क्याङका किसान नरसिङ पुनले बताउनुभयो।

यो प्रविधिबाट खेती गर्दा माटोको उर्वराशक्ति बढ्ने र यसमा फलाएको खाद्यान्न बाली तथा तरकारी मानव स्वास्थ्यका लागि प्रभावकारी हुने भएकाले किसानको आकर्षण बढेको उहाँको भनाइ छ।

रासायनिक मल र विभिन्न विषादीले माटोमा अम्लियपना बढ्दै गएका बेला जैविक पद्धतिबाट खेती गर्दा सुरुआतमा कम उत्पादन हुने भए पनि कालान्तरमा फाइदा पुग्ने कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत शंकर पौडेलले बताउनुभयो । जैविक पद्धतिबाट गरिएको उत्पादनले जमिन र मानिसको स्वास्थ्य दुवैलाई फाइदा पुग्ने उहाँको भनाइ छ ।रासस

# वजेट तथा कार्यक्रम तर्जुमा गर्न जुट्यो कामपा




**काठमाण्डु** । काठमाडौं महानगरपालिका आर्थिक वर्ष २०८१/८२ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्न जुटिसकेको छ। कामपाका उपप्रमुख सुनिता डङ्गोलले कार्यक्रम छनोट आवश्यकताको प्राथमिकीकरण गरेर तत्काल चाहिने, कार्यान्वयन गर्न सकिने योजना छान्ने तयारी भइरहेको बताउनुभयो।

"विषयगत समितिहरुको बैठकबाट चालु आवको समीक्षा र आगामी आवको कार्यक्रमको प्रस्ताव ल्याउने र यसरी आएका विवरणलाई सङ्कलन गरी ढाँचामा राख्न योजना अनुगमन तथा मूल्याङ्कन एकाइका प्रमुख सुमित्रा लामिछाने सुवेदीको संयोजकत्वमा बजेट तथा अनुगमन महाशाखा प्रमुख विकास चित्रकार र मानव संसाधन विकास महाशाखा प्रमुख प्रवीण प्याकुरेल सदस्य रहेको समितिलाई जिम्मेवारी दिइएको छ", उहाँले भन्नुभयो।

योजना तर्जुमा सम्बन्धी काम 'बजेटको पूर्व तयारी' हरेक वर्षको मङ्सिरबाट सुरु हुने उपप्रमुख डङ्गोलले बताउनुभयो । विषयगत क्षेत्रसँग सम्बन्धित सूचना सङ्कलन र विश्लेषण गरेर स्थितिपत्र अद्यावधिक गर्ने यसको पहिलो काम हो। उक्त काम विषयगत विभाग, महाशाखा र शाखाले मङ्सिर मसान्तभित्र सम्पन्न गर्नुपर्छ।

माघ मसान्तभित्र विषयगत क्षेत्र विभाजन गरेर सदस्यलाई जिम्मेवारी दिनुपर्छ। यो जिम्मेवारी कार्यपालिकाले दिनुपर्छ । कामपामा विषयगत समिति भएकाले यसको जिम्मेवारी कार्यपालिकाले समितिलाई दिइएको छ। फागुनदेखि 'स्रोत अनुमान र कूल बजेट सीमा निर्धारण' को काम सुरु हुन्छ । सङ्घ र प्रदेशबाट अनुदान र राजस्व बाँडफाँट, रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्ने, सरोकारवालासँग छलफल गर्ने, बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने, कूल बजेटको अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने, यो मार्गदर्शन विभाग, महाशाखा, शाखा तथा वडालाई उपलब्ध गराउने काम हुन्छ । विषयगत समितिमा छलफल, प्राथमिकता निर्धारण र साङ्केतीकरण, बजेट (राजस्व, व्यय र वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने, गैरसरकारी सङ्घसंस्था र विकास साझेदारका कार्यक्रम समावेश गर्ने, आर्थिक विधेयक र विनियोजन विधेयकको मस्यौदा तयार पर्नुपर्ने उपप्रमुख डङ्गोलले बताउनुभयो।

"यसरी तयार पारिएका विधेयकहरु कार्यपालिकाबाट स्वीकृत गराएर असार १० गतेभित्र नगर सभामा पेस गर्नुपर्छ। यसरी पेस गरिएको प्रस्तावलाई असार मसान्तभित्र सभाबाट पारित गराउनुपर्छ। यसरी योजना तर्जुमाका चरण पूरा हुन्छ", उहाँले भन्नुभयो ।यही वैशाख १० गते महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) को अध्यक्षतामा बसेको 'स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति' बैठकले आर्थिक वर्ष २०८१/८२ का लागि मार्गदर्शन पारित गरिसकेको कामपा कार्यालयले जनाएको छ ।रासस

# रुद्राक्षको व्यापारबाट मनग्य आम्दानी



**धरान** । धरान उपमहानगरपालिका-१४ का सन्तोष विश्वकर्माले रुद्राक्षको व्यापारबाट मनग्य आम्दानी गरिरहनुभएको छ । उहाँले धरान-१४ स्थित पिण्डेश्वरी मन्दिरमा रुद्राक्षको व्यापार गर्दै आउनुभएको छ।

विश्वकर्माले १३ वर्ष भारत बसेर नेपाल फर्किएपछि रुद्राक्षको माला बनाएर व्यापार गर्न सुरु गरेको बताउनुभयो । विदेशमा दुःख गर्नुभन्दा यही रुद्राक्षको माला व्यापार गर्दा मनग्य आम्दानीसँगै सहज पनि भएको उहाँको भनाइ छ।

उहाँले विगत छ वर्षदेखि पिण्डेश्वरी मन्दिरको अगाडि रुद्राक्षको व्यापार गर्दै आउनुभएको छ । अहिले उहाँका लागि यो ठाउँ रुद्राक्षको व्यापार गर्ने थलो नै बनेको छ । रुद्राक्ष धनकुटालगायत पहाडी भेगहरुबाट खरिद गरेर ल्याई माला, झोलार ढाकीलगायत सामग्री बनाएर बिक्री गर्दै आएको विश्वकर्माले बताउनुभयो । रुद्राक्षको व्यापारबाट मासिक रु ३० देखि रु ४० हजारसम्म आम्दानी हुँदै आएको उहाँले जानकारी दिनुभयो।

आफूले रद्राक्षबाट बनाएका सामान धरानमा मात्र नभई झापा, काठमाडौं, काँकडभिट्टा र विशेष गरी विदेशी पर्यटक झोला धेरै मन पराएर लैजाने गर्नुभएको विश्वकर्माले बताउनुभयो । माग अनुसार नै कतिपय सामान बनाउने गरेको उहाँको भनाइ छ।

"गत चैत २७ गतेदेखि लागेको महाकुम्भ मेलाले राम्रो व्यापार भएर निकै फाइदा भयो", विश्वकर्माले भन्नुभयो, "कुम्भमेलामा विदेशी पर्यटक धेरै आउनुभयो, उहाँहरुले धेरैजसो रुद्राक्षको झोला खरिद गर्नुभयो ।" एउटा झोला रु एक हजार पाँच सयदेखि रु दुई हजार पाँच सयसम्म पर्ने गरेको बताउँदै उहाँले दैनिकरूपमा झोलामात्र तीनदेखि पाँच वटासम्म बिक्री हुने गरेको जानकारी दिनुभयो। कुम्भमेलाको एक महिनाको अवधिमा सोचेभन्दा बढी व्यापार भएको उहाँको भनाइ छ।

"रुद्राक्ष विशेषगरी हरियो केशरलामा-लामा हाँगाहरुमा सेता फूल हुने स्याउले एक सुरिलो ठूलो जातका रुखमा ओखर जस्तै फल्ने गर्छ । यो विशेषगरी २७ मुखीसम्म हुन्छ भन्ने छ तर खोजअनुसार संसारभरि अहिले ३८ मुखीसम्म रुद्राक्ष पाइएको सुनेको छु", विश्वकर्माले भन्नुभयो, "सामान्यत एकदेखि १४ मुखीसम्म मात्र सर्वसुलभ उपलब्ध हुन्छ। एकमुखी र नौ मुखीदेखि १४ मुखीसम्मको रुद्राक्ष निकै दुलर्भ मानिन्छ ।"धार्मिकरुपमा महादेवको प्रिय वस्तुका रूपमा वनस्पति रुद्राक्षको महिमा रहँदै आएको छ। रुद्राक्षलाई पहाडी भेगका गाउँघरमा (दाना) भनेर चिनिन्छ ।रासस


**मधेश प्रदेश सरकार**

**उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय**

**पर्यटन विकास कार्यालय**

**जनकपुरधाम, धनुषा**

## सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**सूचना प्रकाशित मिति: २०८१/०१/३० गते ।**

यस कार्यालयबाट चालु आ.व. ०८०/८१ मा तपशिलमा उल्लेखित निर्माण कार्य ठेक्काबाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त योग्य निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा अनुरोध गरिन्छ।

**शर्तहरू**:-

१. दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिन भित्र यस कार्यालयमा रु.१,०००।- पछि फिर्ता नहुने गरी नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. ०७९/८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको भनी लिखित घोषण पत्र र निवेदन साथ पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. रितपूर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। साथै सोहि दिनको १:०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र साथ तपशिलमा उल्लेखित दरभाउपत्र जमानत वापतको रकम यस प्रदेश लेखा नियन्त्रक कार्यालय जनकपुरको रा.वा. बैंक जनकपुर मा रहेको धरौटी खाता नं. १२२०१००२०२०३०००० तथा यस, कार्यालयको कोड नं. ३०७००१७०५२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंक (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट ७५ (पच्चहत्तर) दिन म्याद भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्ने छ।

४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा Bill of Quantity को प्रत्येक Item को दर अंक र अक्षर दुवैमा स्पष्ट भर्नु पर्नेछ। केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५. दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालमा निहित रहने छ।

६. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ।

**तपशिल**:-

| सि.नं. | ठे.नं. | कामको विवरण | ल.ई. रकम (भ्याट सहित) | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | TDO/WORKS/SQ/2080/081/01 | Harit Park Nirman at Jilla Prasasan Karyalay, Janakpurdham, Dhanusha | रु.१४,४८,७१२.०४ | रु. ३५,००० | |

**कार्यालय प्रमुख**

# पर्सा निकुन्जमा वन्यजन्तुलाई पिउने पानीको जोहो गर्ने चटारो




**टुडे समाचारदाता**

वीरगञ्ज । देशकै कान्छो निकुन्ज पर्सा राष्ट्रिय निकुन्जका निकुन्जकर्मीलाई यति बेला बन्यजन्तुलाई पिउने पानीको जोहो गर्ने चटारो छ । यसै साता दुई दिन वर्षा भएपनि त्यो पर्याप्त भएन ।

प्राकृतिक पानीको स्रोत कम भएको यो निकुन्जका वन्यजन्तुलाई सुख्खायाम सुरु भए लगत्तै पिउने पानीको समस्या समाधान गर्न निकुन्ज प्रशासनलाई हम्मे पर्ने गरेको छ । निकुन्जको विभिन्न स्थानमा निर्माण गरिएका कृतिम पोखरीमा पानीको जोहो गर्ने चटारो बढ्छ ।

निकुन्ज कार्यालयका सूचना अधिकृत एवम् सहायक संरक्षण अधिकृत सन्तोष भगत पानीको सबैभन्दा बढी अभाव रहेको निकुञ्जको आधाभार कार्यालय भन्दा पश्चिम तथा त्रिभुवन राजमार्ग भन्दा पूर्वतर्फ समेत १० किमि वरपरमा हाल दैनिक जसो ट्यांकरबाट कृत्रिम पोखरीहरुमा पानी हाल्ने काम भइरहेको बताउँछन् ।

'करिब अढाई दर्जन कृत्रिम पोखरीमध्ये आधा जसोमा दैनिक रुपमा ट्यांकरबाट पानी हाल्ने काम भइरहेको छ,' उनले भने, 'निकुन्जमा हल्खोरिया दह, कामिनी दह, लौकी दह लगायतका दह र रामभौरीभाठा क्षेत्रमा भाँठा खोलामा पानी रहने गरेपनि यी दह र खोलाले निकुन्जको सबै क्षेत्रमा पानीको पर्याप्तता हुँदैन ।'

निकुन्जमा रहेका अधिकांश खोला खहरे खोला छन् । तिनमा वर्षायाममा पनि पर्याप्त पानी हुँदैन । वर्षायाम सक्किए लगत्तै निकुन्जका वन्यजन्तुलाई पिउने पानीको समस्या हुने गर्छ । उनीहरु पानीको खोजीमा लामो यात्रा तय गर्न बाध्य हुन्छन् ।

यस्तो अवस्थामा निकुन्जमा कृत्रिम पोखरी समेत नहुँदा धेरै वन्यजन्तुलाई पिउने पानीको अभावमा तिनले तिर्खाको कारण ज्यान गुमाउन सक्ने खतरा हुन्छ । ३/४ वर्ष यता निकुन्जमा वर्षेनि कृत्रिम पोखरी निर्माण गर्दै थप्ने क्रम जारी रहेको भगत बताउँछन् । 'वर्षेनि पोखरी निर्माणको क्रम जारी छ,' उनले भने, 'कुल पोखरीको आधा जसो बालुवा, सिमेन्टको प्रयोग गरी निर्माण गरिएका छन् ।' रामभौरीभाठा क्षेत्रमा भाठा खोला र त्यहा मानव बस्ती हुँदाकै समयमा मानव निर्मित ३ वटा पोखरी समेत रहेकाले त्यहाँ चितवन राष्ट्रिय निकुन्जबाट गैडा समेत आएर बस्ने गरेका छन् । निकुन्जको मुटु मानिने यो क्षेत्रबाट डेढ दशक अघि मानव बस्ती हटाइएपछि वन्यजन्तुले यो क्षेत्रलाई आफ्नो स्थायी बासस्थान बनाउने क्रम बढेको छ ।

पर्याप्त पानीको व्यवस्था रहेको त्यस क्षेत्रमा बाघ, हात्ती, चित्तल, हरिण, जरायो, निलगाइ जस्ता बन्यजन्तुको उपस्थिति समेत बढी छ । हाल ६ सय २७ वर्ग किलोमिटरमा फैलिएको पर्सा निकुन्ज पर्सा, बारा र मकवानपुर जिल्लाको वन क्षेत्र ओगटेर सन् १९९४ मा स्थापना भएको छ ।

त्यति बेला पर्सा बन्यजन्तु आरक्षको रुपमा स्थापित थियो । सुरुमा आरक्षको रुपमा स्थापना हुदा ४ सय ९९ बर्गा किलोमिटरमा यो आरक्ष फैलिएको थियो । यो निकुन्ज चितवन राष्ट्रिय निकुन्जसँग जोडिएको छ । यो मधेश प्रदेशको एक मात्र राष्ट्रिय निकुन्ज पनि छ ।

# चापाकल सुकेसँगै खानेपानीको अभाव

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगर क्षेत्रमा सुक्खायामका कारण चापाकल सुक्न थालेपछि खानेपानीको चर्को अभाव देखिएको छ । घर-घरमा गाडिएको चापाकल सुकेर खानेपानीको अभाव भएसँगै नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जमा नयाँ धारा जडानका लागि सर्वसाधारण आउने क्रम बढेको छ ।

अहिले कार्यालयमा दैनिक सयौंको संख्यामा नयाँ धारा जडानको लागि निवेदन लिएर आउने गरेका छन् । खानेपानी संस्थान शाखा कार्यालयका वितरण प्रमुख सञ्जीवकुमार यादवले गत वर्षदेखि वीरगञ्ज बजार क्षेत्रका अधिकांश चापाकल सुकेसँगै सर्वसाधारण खानेपानीको लाइन जडान गर्न आउन थालेका बताए ।

"विगतमा घरमा गाडिएको चापाकलमा पर्याप्त पानी आउँदासम्म खानेपानीको धारा जडानमा स्थानीयवासीको खासै रुचि देखाउँदैन्थे । गत वर्षको हिउँदेयामदेखि चापाकल सुकेर पानीको सङ्कट महसुस गरेपछि अहिले खानेपानी संस्थानमा धारा जोड्नेको घुइँचो नै लाग्ने गरेको छ", उनले भने ।

वितरण प्रमुख यादवले चालु आर्थिक वर्षको हालसम्मको अवधिमा मात्रै दुई हजार चार सयभन्दा धेरै नयाँ धारा जडान भएको जानकारी दिए ।

"गत आवको अन्त्यसम्म महानगर क्षेत्रमा आठ हजार चार सय घरधुरी मात्रै ग्राहक थिए", उनले भने, "खानेपानीको चर्को सङ्कट हुन थालेपछि अहिले कूल ग्राहक संख्या १० हजार आठ सयभन्दा धेरै पुगिसकेको छ ।"

वडा कार्यालयको सिफारिसमा संस्थानले छ हजार तीन सय ७० लिएर नयाँ धारा जडान कार्य अघि बढाउँदै आइरहेको छ ।

# शहीदको सपना साकार गर्नुपर्नेमा जोड

**टुडे समाचारदाता**




जनकपुरधाम । पूर्व राज्यमन्त्री काशी देवी झाले शहीदहरुको सपना साकार गर्नका लागि राजनीतिक दलले वास्ता नगर्दा मुलुकमा संकट उत्पन्न हुने गरेको बताएकी छन् ।

जनकपुरधाममा शनिबार शहीद परिवार सम्मान एवं वार्षिक क्यालेन्डर लोकार्पण कार्यक्रममा बोल्दै पूर्व राज्यमन्त्री झाले मुलुकमा राजनीतिक व्यवस्था परिवर्तन भए पनि नेताहरुले शहीदले देखाएको मार्ग अनुसार अघि नबढ्दा समस्या हुने गरेको बताइन् । उनले शहीदले देखाएको बाटोमा नेताहरु हिड्न नचाहने र शहीदलाई समेत सम्मान गर्नबाट चुकिरहेको बताइन् ।

उनले स्थिर सरकार नहुँदा देश विकास र समृद्धि तर्फ द्रुतगतिमा अघि बढ्न नसकेको बताइन् ।

पूर्व सांसद मिनाक्षी झाले शहीदहरुको सपना साकार गर्न नेताहरुले उपेक्षा गर्नु नकारात्मक प्रवृत्ति भएको बताइन् । उनले शहीदहरुको साकार गर्न भइरहेको उपेक्षा नकारात्मक क्रियाकलापले लोकतन्त्रलाई आघात पुऱ्याएको बताइन् ।

वरिष्ठ अधिवक्ता श्याम कुमार मिश्रले सत्तामा पुगेपछि नेताहरुले आफूलाई शासकको दम्भ देखाउने गरेको बताउँदै शहीदको सम्मान नगर्ने प्रवृत्ति देखिनु विडम्बना रहेको बताए ।

सो कार्यक्रममा राष्ट्रिय आन्दोलन, मधेश आन्दोलनलगायत विभिन्न आन्दोलनमा शहादत प्राप्त गरेका परिवारलाई पूर्वराज्य मन्त्री झाले दोसल्ला ओढाएर सम्मानसमेत गरेकी थिइन् ।

शहीद दुर्गानन्द झा अनुसन्धान तथा सेवा केन्द्रका अध्यक्ष शम्भुनाथ झाको अध्यक्षतामा भएको सो कार्यक्रममा शहीदहरु दुर्गानन्द झा, लक्ष्मीनारायण झा, सत्यनारायण पाठक, अरविन्द्र ठाकुर, पद्म लामा, इश्वर लामा, दिलीप यादव, नितु यादवलगायतका परिवारजनलाई सम्मान गरिएको थियो ।

विभिन्न आन्दोलनमा जेलनेल तथा यातना भोगेका योद्धाहरुलाई समेत सम्मान गरिएको थियो । सो कार्यक्रममा बालबोध ठाकुर, प्रकाशचन्द्र साह, धीरेन्द्र झा, नित्यानन्द झा, ललन चौधरीलगायतकाले समेत बोलेका थिए भने पुनम झा, किरण झा, वैद्यनाथ पासवानलगायतकाले मैथिली भाषामा कविता वाचन गरेका थिए ।

# मसलाको रुख काटेर हटाइँदै



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिकाले नगर क्षेत्रभित्रबाट मसला (भिक्स) प्रजातिका रुख काटेर हटाउने भएको छ । तराईमा पानीको अभाव सिर्जना हुनुमा मसलाको रुख पनि एक कारण भएको ठहर गर्दै नगरपालिकाले यो प्रजातिको रुख नगर क्षेत्रबाट काटेर हटाउने भएको छ ।

धनुषाधाम नगरपालिकाका नगर प्रमुख बालेश्वर मण्डलले पानी र माटोका लागि उपयुक्त नभएकाले मसलाको रुख काटेर हटाउने निधो गरिएको बताए । उनले स्थानीयको जनगुनासोको आधारमा नगरपालिकाको हिउँदे अधिवेशनबाट मसलाको रुख विस्थापित गर्ने निर्णय पारित गरिएको जानकारी दिए ।

मसला रुख काठका लागि उपयुक्त भए पनि जमिनबाट धेरै पानी सोस्ने भएकाले भूमिगत पानीको सतह गहिरिँदै गएर मरुभूमिको जोखिम बढेको र माटोको उर्वराशक्तिमा गम्भीर असर पुऱ्याएकाले यो प्रजातिको रुख यहाँबाट सखाप गर्ने निर्णय गरिएको उनको भनाइ छ । सोही निर्णयअनुसार आउँदो जेठ १५ गतेभित्र मसला रुख कटान गरी व्यवस्थापन गर्न गराउन नगरपालिकाको सबै वडा कार्यालयमा पत्राचार गरिएको बताउँदै सार्वजनिक सूचनासमेत जारी गरिएको बताए ।

उनले भने-'नगरपालिका अन्तर्गत निजी, समूह तथा ठेक्कमा लिएर रोपिएको मसला रुख कटान गर्न सङ्घसंस्था, समूह र स्थानीयलाई सूचनामार्फत आग्रह गरेका छौं । दिएको समयमा सो प्रजातिको रुख व्यवस्थापन नगरे नगरपालिकाको साधन स्रोत प्रयोग गरेर व्यवस्थापन गरिने र त्यस कार्यमा लागेको खर्च सम्बन्धित व्यक्तिसँग असुर उपर गरिन्छ । यसका साथै नगरपालिका र वडा कार्यालयबाट दिइने सेवा सुविधासमेत रोकिन्छ ।'

सरकारी जग्गाको हकमा सम्बन्धित निकायसँग समन्वय गरेर काट्न लगाउने बताउँदै उनले समय अवधिभित्र आ-आफ्नो अधीनमा रहेको मसला रुख काटेर हटाउन उहाँले आग्रह गरे ।

# उद्घाटन खेलमा प्रदेशलाई सफलता

टुडे समाचारदाता

राजविराज । राष्ट्रिय महिला कबड्डी प्रतियोगिता राजविराजमा शनिवारदेखि शुरु भएको छ । राजविराज २ स्थित प्रस्तावित बसपार्क प्राङ्गणमा रहेको मैदानमा शुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा मधेश प्रदेशले कोशी प्रदेशलाई चार अंकको झिनो अन्तरले पराजित गरेको छ ।

मधेश प्रदेशले कोशी प्रदेशलाई ३६-३२ को अन्तर अंकले हराउँदै प्रतियोगितामा सुखद सुरुवात गरेको छ । जिल्ला कबड्डी संघको आयोजना, अखिल नेपाल कबड्डी संघको समन्वय, राजविराज नगरपालिका तथा अग्निसाइर कृष्णासवरण गाउँपालिकाको सहयोगमा शुरु भएको प्रतियोगिताको राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख ईसरत प्रवीणले उद्घाटन गरिन् । उनले यस्ता प्रतियोगिताले खेल क्षेत्रको विकास मात्र नभई खेलाडीको विकासका लागि समेत टेवा पुग्ने बताइन् ।

उनले खेलकुदको विकासका लागि आफूले साधन श्रोतले भ्याएसम्म सहयोग गर्ने प्रतिबद्धता समेत जनाइन् ।

# धर्मगुरु रामभद्राचार्य द्वारा जानकी मंदिरमा पुजा पाठ



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय धर्मगुरु रामभद्राचार्यले भारत हिन्दू राष्ट्र कायम हुने बताएका छन् । जनकपुरधाममा शनिबार जानकी मन्दिरको दर्शनपछि बोल्दै भारतीय धर्मगुरु रामभद्राचार्यले यो पटक भारत हिन्दू राष्ट्र कायम हुने दाबी गरेका छन् ।

उनले भारत हिन्दू राष्ट्र भए पनि नेपाल पनि छिट्टै नै हिन्दू राष्ट्र हुनेमा आफू ढुक्क रहेको बताए । उनले भने, 'यस पटक भारत हिन्दू राष्ट्र कायम गर्छौं, र विस्तारै नेपाललाई पनि हिन्दू राष्ट्र बनाएरै छाड्छौं ।'

भारतीय धर्मगुरु रामभद्राचार्यलाई जानकी मन्दिरमा भव्य स्वागत गरिएको थियो । सो अवसरमा जानकी मन्दिरका छोटा महन्त रामरोशन दाससहितका साधुसन्त र श्रद्धालु तथा नगरवासी धर्मगुरुलाई स्वागत गर्न महोत्तरीको भिट्ठामोड नाकासम्म पुगेका थिए ।

जानकी जन्मोत्सवको अवसरमा भारतीय धर्मगुरु रामभद्राचार्य जनकपुरधाममा निम्त्याइएको छोटा महन्त दासले बताए ।

# कुखुराको चल्लासहित भारतीय नागरिक पक्राउ

**टुडे समाचारदाता**

गौर । भन्सार छलेर भारतबाट नेपाल ल्याउँदै गरेको कुखुराको चल्लासहित चार भारतीयलाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार साँझ पक्राउ परेकालाई प्रहरीले शनिबार सार्वजनिक गरेको छ ।

जिल्लाको अस्थाई प्रहरी पोष्ट बमनहर रौतहटबाट खटिएको गस्ती टोलीले यमुनामाई गाउँपालिका-४ स्थित चोकमा जाँच गर्ने क्रममा भारतबाट अवैध रुपमा भन्सार छलेर साइकलमा ल्याउँदै गरेको २७ कार्टुन कुखुराको चल्लासहित चार भारतीयलाई पक्राउ गरेको जिल्ला प्रहरीका डीएसपी एलिजा गिरीले जानकारी दिइन् । डीएसपी गिरीका अनुसार चार थान साइकल र चार भारतीयलाई पक्राउ गरेको छ ।

पक्राउ परेका भारतीको नाम प्रहरीले सार्वजनिक गरेको छैन । साइकल र भारतीय नागरिकलाई आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनायो । भारतबाट नेपाल ल्याउने सामानको भन्सार राजस्व तिर्नु पर्छ । भारतीय कुखुरा र चल्लाहरु चोरबाट हुँदै नेपाल ल्याउने गरेको पाइएको छ । प्रहरीले भारतीय सीमाक्षेत्रको नाकामा कडाइ गरेको जनाए पनि खुद्रे तस्करको दबदबा कायमै छ ।

# मन्त्री लुंगेलीद्वारा आवास भवन हस्तान्तरण

**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेश सरकारकी श्रम तथा यातायात मन्त्री बेची लुंगेलीले महेन्द्र नारायण निधी आवास कार्यक्रम अन्तर्गत निर्मित भवन हस्तान्तरण गरेकी छन् ।

शनिबार बिहान लालबन्दी नगरपालिका वडा नं. ५ मा दुई तथा १० नं. वडामा एक गरी तीनवटा नवनिर्मित भवनहरु मन्त्री लुंगेलीले हस्तान्तरण गरेकी छन् ।

५ नम्बर वडाका हरि धमला र मैति देवी मोक्तान तथा १० नम्बर वडाका गणेश बहादुर मिरिङचिङलाई नवनिर्मित भवनहरु हस्तान्तरण गरिएको मन्त्री लुंगेलीले जानकारी दिईन् । भवन हस्तान्तरण कार्यक्रममा लालबन्दी नगरपालिकाकी उपमेयर कल्पना पाख्रिन, वडाध्यक्ष मिन प्रसाद ढुंगेल, राजन काफ्ले, बज्रमणि लामा, सुमन अमात्य, भोला आले, हेम सुस्लिङ, बेन्नी आले लगायतको उपस्थिती रहेको थियो ।

मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालय मातहत रहेको महेन्द्र नारायण निधी आवास कार्यक्रम मार्फत मन्त्री लुंगेलीकै पहलमा उक्त भवनहरु निर्माण सम्पन्न भएको बताईएको छ ।

# युवालाई प्रोत्साहन गर्न 'यूथ कार्निभल'

**टुडे समाचारदाता**

जनकपुरधाम । क्षमतावान् युवालाई प्रोत्साहन गर्न जनकपुरधाममा 'यूथ कार्निभल' हुन लागेको छ । 'एमएम डिजिटल ग्राज'को आयोजनामा अगामी जेठ ४ र ५ गते जनकपुरधाम उद्योग वाणिज्य संघको हलमा यो कार्यक्रम हुन लागेको छ ।

शनिबार जनकपुरमा पत्रकार सम्मेलनको आयोजना गरेर आयोजक संस्थाका प्रतिनिधि गौतम शर्मीले दुई दिवसीय कार्यक्रममा चार वटा विमर्शको सत्र राखिएको बताए । उनका अनुसार 'व्यापार : हिजो, आज र भोली', 'व्यवस्था नयाँ, शिक्षा पुरानै', 'वित्तीय साक्षरता आजको आवश्यकता' र 'एक मात्र पृथ्वी' विषयमा विज्ञ तथा नव सिकारु युवाहरूलाई राखेर छलफल गराइने छन् ।

## 'डिजिटल मार्केटिङ र कन्टेन क्रिएटर' विषयमा प्रशिक्षण पनि राखिएका

त्यस्तै, 'डिजिटल मार्केटिङ र कन्टेन क्रिएटर' विषयमा प्रशिक्षण पनि राखिएको आयोजक संस्थाका प्रतिनिधि सञ्जय चौधरीले बताए । कला, संस्कृति, व्यापार र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नका लागि २५ वटा स्टल पनि राखिने उनले जानकारी दिए । 'यी स्टलमा युवा व्यवसायी र स्थानीय मौलिक उत्पादनकर्ताहरूको सहभागिता रहनेछन्, उनले भने, 'उनीहरूको व्यक्तित्व विकाससँगै हामीले राम्रो व्यापार गर्नको लागि नेटवर्किङ बनाइदिने काम पनि गर्ने छौं ।' सांस्कृतिक कार्यक्रम र मोटिभेसनल स्पीच पनि राखिएको आयोजक संस्थाकै अर्का प्रतिनिधि प्रियांसु कर्णले बताए । दोस्रो दिन चर्चित कमेडियन आदर्श मिश्रा पनि आउने तालिकामा रहेको छ । क्षमतावान् युवाहरूलाई एक ठाउँमा ल्याएर जोड्ने प्रयास गरिएको उनको भनाइ छ । यस कार्यक्रममा प्रत्यक्ष रुपमा दुई हजारभन्दा बढी युवा जोडिएर क्षमता अभिवृद्धि गर्ने आयोजकले विश्वास गरेको छ ।




# वृत्तचित्र सार्वजनिक

**टुडे समाचारदाता**

गौर । यहाँको रेड टेलिभिजनकी सञ्चालक स्वर्गीय रामा यादवको जीवनीमा आधारित वृत्तचित्र शनिवार सार्वजनिक भएको छ । गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले एक कार्यक्रमकाबीच सो वृत्तचित्रको विमोचन गरेका छन् ।

स्व. श्रीमती रामा यादवको तेस्रो पुण्यतिथिमा शनिवार जयरामा मिडिया प्रालि गौरले बनाएको वृत्तचित्र विमोचन गरिएको छ । नगरप्रमुख साहले समाज परिवर्तनका लागि रामा यादवले गरेको कार्य सधैं सम्झनामा रहिरहने बताए ।

'समाजमा रहेका कुसंस्कार, विकृति, बिसंगति र अन्यायलाई हटाएर सुशासन, न्याय र समानता ल्याउने उद्देश्यले स्वर्गीय रामा यादवले गरेको योगदान स्मरणीय रहेको छ,' उनले भने, 'रौतहटलाई रामा यादबकै टेलिभिजनले चिनाउने कार्य गरेकोले उनको योगदान बिर्सन सकिदैन ।'

स द र म ु क ा म गौरमा २०७७ सालमा रेड टेलिभिजन सञ्चालनमा आएको थियो । संचालिक रामा यादवको ३० वर्षकै उमेरमा २०७८ सालमा कोभिडका कारण निधन भएको थियो । उनको निधन भएपछि श्रीमान् जय प्रकाश यादवले रामा यादव स्मृति प्रतिष्ठान स्थापना गरी स्वास्थ्य क्षेत्रमा कलम चलाउने देशभरिकै महिला पत्रकारलाई रामा यादव स्मृति पत्रकारिता पुरस्कार वितरण गर्दै आएका छन् ।

२६ हजार १ रुपैयाँ राशीको पुरस्कार स्वास्थ्य क्षेत्र सुधारको लागि कलम चलाउने महिला पत्रकारलाई हरेक वर्ष प्रदान गरिने अध्यक्ष यादवले बताए । 'उपचार आभावमा कसैको जीवन अन्त्य नहोस् भन्ने विषयमा कलम चलाउने महिला पत्रकारलाईप्राथमिकता दिएका छौं,' उनले भने, 'यस वर्षको रामा यादव स्मृति पत्रकारिता पुरस्कार साउन १९ गतेका दिन प्रदान गरिने छ ।'

स्वर्गीय रामा यादवको वृत्तचित्रमा बाल्यकालदेखि संघर्ष गरेर टेलिभिजन स्थापना र अन्त्योष्टि सम्मको विषय वस्तु प्रकाश पारिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८